**कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित**
(शेयरमा सिमित दायित्व भएको)

## पाँचथर पावर कम्पनी लिमिटेड

**रजिष्टर्ड कार्यालयः ल.पु.जि ल.पु.म.न.पा. वडा नं. १५, हात्तिबन, ललितपुर**
**फोन नं. : ०१-५२५१००३, फ्याक्स नं. : ०१-५२५१००४**
**कर्पोरेट कार्यालयः ल.पु.जि ल.पु.म.न.पा. वडा नं. १५, हात्तिबन, ललितपुर**
Email: ppchewa@gmail.com Website: **www.ppcl.com.np**


# विवरण-पत्र

**(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१) र**
**धितोपत्र सम्वन्धी ऐन २०६३ को दफा ३० को उपदफा (१) अन्तर्गत प्रकाशित)**

आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दा तथा सर्वसाधारणहरुको लागी कम्पनीले सार्वजनिक निष्काशनको निमित्त छुट्टयाएको जारी पुँजी रु.९६ करोड २५ लाख मध्येको २० प्रतिशतले हुने साधारण शेयर १९,२५,००० कित्ता मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रहि १० प्रतिशतले हुन आउने प्रति साधारण शेयर रु. १००/– अंकित मुल्यको ९,६२,५०० कित्ता शेयरहरु उद्योग प्रभावित स्थानियवासीको लागी र बाँकी रहेको १० प्रतिशतले हुन आउने साधारण शेयर ९,६२,५०० कित्ता (कर्मचारीहरुलाई २% अर्थात १९,२५० कित्ता तथा सामुहिक लगानीकोषलाई ५% अर्थात ४८,१२५ कित्ता गरी सर्वसाधारणमा समेत) निष्काशन गरिएको छ । आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अन्तर्गत पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स. (हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) लाई समेटिएको छ ।

**प्रतिशेयर नेटवर्थ तथा प्रतिशेयर आम्दानी सम्बन्धि विवरणः**

| विवरण | वास्तविक (रु.) | | | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|---|---|---|
| आय वर्ष | २०७२/ ०७३ | २०७३/ ०७४ | २०७४/ ०७५ | २०७५/ ०७६ | २०७६/ ०७७ | २०७७/ ०७८ |
| संचित नाफा/नोक्सान | (१०२,१९१,७३२.३७) | (४५,७६७,८९३.३१) | (१०३,०६३,९८८.२७) | (७१,४१८,०७३) | ८८,१६५,३२४ | २७४,७०९,४९६ |
| प्रति शेयर आम्दानी | (४.१२) | (६.४६) | (७.४४) | ३.२९ | १६.५८ | १९.३८ |
| प्रति शेयर नेटवर्थ | ८३.२६ | ९३.४४ | ८६.६२ | ९२.५८ | १०९.१६ | १२८.५४ |

**प्रति मेघावाट तथा कुल लागत सम्वन्धि विवरण**

संगठित संस्थाको लेखा परिक्षण भएको वित्तिय विवरण अनुसार प्रति मेघावाट लागत रु.१७,५४,८७,५१६ र आयोजनाको कुल लागत रु २,६१,४७,६४,००० रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्वन्धि विवरण**

अनुमतिपत्रको बहाल अवधि २०६९ साल मंसिर महिना २१ गते देखि २१०४ साल मंसिर महिना २० गते सम्म अर्थात २९ वर्ष रहने छ ।

**लगानी फिर्ता हुने अवधि सम्वन्धि विवरण**

साधारण लगानी फिर्ता अवधि ८.९४ बर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि ११.९९ बर्ष (१०%बट्टा दर) रहेको छ । साथै आ.व २०७४/०७५ देखि आगामि १२ बर्षको औषत इक्विटिमा प्रतिफल १०.३३ %, IRR १३.९५%, रहेको छ ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/– अंकित मुल्यको शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई विक्रि वितरण गरेको शेयर सर्वसाधारणको लागी निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ३.८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेरमात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लिखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्वन्धि ऐन २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको वारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

**यस सार्वजनिक निष्काशन (स्थानियवासी तथा सर्वसाधारणलाई जारी गरिने) लाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले मिति २०७५/०३/२० गते औसत भन्दा तल आधारहरु (Below-average fundamentals) जनाउने "CARE-NP IPO Grade 4" ग्रेड प्रदान गरेको छ । यसको अवधि एक वर्षको रहेको छ ।**

नेपाल धितोपत्र वोर्डवाट विवरण-पत्र स्विकृती भएको मिति २०७५/०९/१३ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति : २०७५ /०९ /१८
शेयर निष्काशन खुल्ला हुने मिति २०७५ /०९/३० शेयर निष्काशन बन्द हुने (छिटोमा) मिति : २०७५/१० /१४
शेयर निष्काशन बन्द हुने (ढिलोमा) मिति २०७५/१०/२९

निष्काशन तथा बिक्री प्रवन्धक


SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

## सानिमा क्यापिटल लिमिटेड

रजिष्टर्ड कार्यालयः नारायणचौर, नक्साल, काठमाडौं, नेपाल
फोन नं. ०१-४४२८९५६/५७ फ्याक्स नं.-०१-४४२८९५८
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

**ख (१) विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सानिमा क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग) **"संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी पाँचथर पावर कम्पनी लिमिटेड, ल.पु.जि ल.पु.म.न.पा. वडा नं १५, हात्तिबन, ललितपुर लाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले आयोजना प्रभाबित क्षेत्रमा सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यवस्थापन"** भन्नाले पाँचथर पावर कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात पाँचथर जिल्लाका तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स ( हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का बासिन्दाहरुलाई जनाउँछ ।

**(२) विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :**

| क्र.सं | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ र Website: www.sanima.capital |
| २. | पाँचथर पावर कम्पनी लिमिटेड, ल.पु.म.न.पा. वडा नं. १५, हात्तिबन, ललितपुर र Website: ppcl.com.np |

साथै श्री नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागी दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

१. श्री कृषि विकास बैंक लिमिटेड, फिदिम, पाँचथर । सम्पर्क व्यक्तिः प्रज्वल तुम्वापो फोन नं.०२४-५२०४६६

२. श्री सेन्चुरी बैंक लिमिटेड, फिदिम, पाँचथर । सम्पर्क व्यक्तिः सपना मैनाली फोन नं.०२४-५२११०४

३. श्री गुडविल फाइनान्स लिमिटेड, फिदिम, पाँचथर । सम्पर्क व्यक्तिः भिमनिधि तिवारी फोन नं.०२४-५२१०६८

४. पाँचथर पावर कम्पनी लिमिटेडको हेवा खोला "ए" जलविद्युत आयोजनाको कार्यालय फिदिम नगरपालिका -१०, याङ्गनाम, पाँचथर । सम्पर्क व्यक्तिः सरोज श्रेष्ठ फोन नं.०१६-२००७०४

५. श्री सिभिल बैंक लिमिटेड, फिदिम, पाँचथर । सम्पर्क व्यक्तिः धुर्व प्रसाद बास्कोटा फोन नं.०२४-५२०७८८

यस विवरण-पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरणका लागि निष्काशित साधारण शेयर देहाय बमोजिम स्थानमा दरखास्त फारम पाउन, दरखास्त फारमसाथ रकम बुझाउन सकिने ब्यवस्था गरिएको छ ।

दरखास्त फारम रु.२/–(स्थानियवासीको हकमा मात्र) भुक्तानी गरि वा सानिमा क्यापिटल लिमिटेडको Website: www.sanima.capital र पाँचथर पावर कम्पनी लिमिटेडको Website: ppcl.com.np बाट दरखास्त फारम Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

**सर्वसाधारणहरुको लागी आवेदन दिने प्रकृया :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरुबाट सिआस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

(ग) **१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्विकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्वन्धि ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**२ संगठित संस्थाको उद्घोषण :**

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमतिको प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस **पाँचथर पावर कम्पनी लिमिटेड**ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभाग आदी) को शेयर निष्काशन सम्बन्धी तथा अन्य नियमनकारी व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै शेयर निष्काशन गर्ने प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७३/०७४ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको ब्यहोरा कम्पनी रजिष्ट्रारको मिति २०७५/०६/२६ गतेको पत्रबाट स्पष्ट हुन्छ ।

**(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**३.संगठित संस्था सम्वन्धि जानकारीः**

**(क) संगठित संस्थाको पृष्ठभूमीः**

**(क) कम्पनीको नाम :**पाँचथर पावर कम्पनी लिमिटेड ।

**(ख) कम्पनी कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं १५, हात्तिबन, ललितपुरमा रहेको छ । आवश्यकताअनुसार सम्बन्धित निकायको स्वीकृती लिई नेपाल राज्य भरी जुनसुकै स्थानमा कम्पनीको शाखा, उपशाखा तथा सम्पर्क कार्यालय विस्तार गर्न सकिनेछ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :** कम्पनीको जलविद्युत उत्पादन केन्द्र (हेवा खोला "ए" जलविद्युत आयोजना) पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स. (हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) मा रहेको छ ।

**(ङ) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र कम्पनीको मुख्य उदेश्यहरु :-**

- पाँचथर पावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६५ साल कार्तिक १८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पाँचथर पावर कम्पनी प्रा.लि.को रुपमा दर्ता भै मिति २०७३ श्रावण २५ गतेदेखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ । पब्लिक कम्पनीमा परिणत भएपश्चात कम्पनीको नाम परिवर्तन भई "पाँचथर पावर कम्पनी लिमिटेड" रहन गएको छ।

- कम्पनीले विद्युत उत्पादन गर्ने अनुमति मिति २०६९ साल जेष्ठ महिना १६ गते प्राप्त गरेको छ । सो अनुमतिपत्रको बहाल अवधि २०६९ साल मंसिर महिना २१ गते देखि २१०४ साल मंसिर महिना २० गते सम्म अर्थात २९ वर्षको रहनेछ ।

- संगठित संस्थाको लेखा परिक्षण भएको वित्तिय विवरण अनुसार प्रति मेघावाट लागत रु.१७,५४,८७,५१६ र आयोजनाको कुल लागत रु २,६१,४७,६४,००० रहेको छ ।

- साधारण लगानी फिर्ता अवधि (Simple Payback Period) ८.९४ बर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि (Discounted Payback Period) ११.९९ बर्ष (१०%बट्टा दर) रहेको छ । साथै आ.व २०७४/०७५ देखि आगामि १२ बर्षको औषत इक्विटिमा प्रतिफल (Average ROE) १०.३३ %, IRR १३.९५%, रहेको छ ।
- कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको २०% शेयर सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित) पाँचथर जिल्लाका तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स. (हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का बासिन्दाहरु लगायत कर्मचारी तथा सर्वसाधारणलाई निष्काशन तथा बिक्रि बितरण गरिने व्यवस्था गरिएको छ ।

- कम्पनीले मेची अञ्चल, पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.हरु बीच भएर बहने हेवा खोलाबाट १४,९०० किलोवाट क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप मिति २०७३/१०/२२ गते देखि विद्युतको ब्यापारिक उत्पादन प्रारम्भ गरेको छ ।

- कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६८ साल भाद्र ३० गते ( पहिलो संशोधन २०६९ साल फाल्गुण १६ गते) विद्युत खरिद विक्री सम्झौता सम्पन्न भई सोही बमोजिम कार्यान्वयनमा आइसकेको छ ।

**कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :**

(१) देशमा जलबिद्युत शक्तिको बिकास गर्न स्वदेशी वा बिदेशी संघ, संस्था तथा निजी उद्यमि एबं लगानिकर्ताहरुलाई एक आपसमा आबद्ध गरी बिद्युतशक्ति उत्पादन, प्रशारण तथा वितरण, सञ्चालन, मर्मत संभार, इन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षण आदि कार्य गर्ने ।

(२) नेपाल बिद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य कम्पनिहरुसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, बिद्युत उत्पादन गरी केन्द्रिय प्रशारण लाईन मार्फत बिक्रि गर्ने वा अन्य आईपर्ने आबश्यक कार्य गर्न सहयोगात्मक भुमिका निर्वाह गर्ने ।

(३) नेपाल सरकारको सम्बन्धित निकायको स्विकृती लिई नेपाल राज्यमा नदी नालाहरुबाट बिभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने । वायु शक्ति, डिजल प्लान्ट वा अन्य बिकसित प्रबिधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभाबना देखिएका योजनाहरु तर्जुमा गरी बिद्युत उत्पादन गर्ने ।

(४) नेपाल बिद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पुन: संचालन गर्ने । बिद्युत उत्पादन वृद्धिको लागि आबश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसँग सम्बन्धित सेवा ब्यबसाय गरी बिद्युत निर्यात गरी बिदेशी मुद्रा आर्जन गरी देश बिकासको काममा सहभागी बन्ने ।

(५) बिद्युत उत्पादन सम्बन्धि प्रबिधि हस्तान्तरणको निमित्त अनुभवि एवं ख्याति प्राप्त अन्तर्राष्ट्रिय कम्पनिहरुसंग सम्बन्ध स्थापना गरी कम्पनिलाई हित हुने विषयहरुमा सम्झौता गर्ने तथा बिचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा बिद्युतशक्तिको बिकास गर्नको लागि आबश्यक जनशक्ति तयार गर्ने ।

(६) बिद्युत प्रशारणका लागि बिभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन, निर्माण, मर्मत संभार तथा सञ्चालन सम्बन्धि कामहरु गर्ने ।

(७) बिद्युत सम्बन्धि उपकरणहरु, मेशिन औजारहरु, सामान बिदेशबाट आयात तथा खरिद गरि उपयोग गर्ने, बिक्रि बितरण गर्ने, एजेन्सिको कार्य गर्ने ।

**(च) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

(१) कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने विधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : नरहेको ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद विक्री सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :

क) बिद्युतको ब्यापारिक उत्पादन शुरु भएको मितिले ३० बर्ष वा उत्पादन अनुमति (Generation License) प्राप्त भएको अबधि मध्ये जुन घटि छ सो समयसम्म सम्झौता कायम रहनेछ ।

ख) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत बर्षा याममा प्रति कि.वा.रु.४/८० र सुख्खा याममा प्रति कि.वा.रु.८/४० का दरले भुक्तानी दिनेछ । साथै व्यापारीक उत्पादन शुरुहुने मिति (Commercial Operation Date) बाट एक बर्ष पुगेको महिनाको लगतै पछिको महिना देखि लागु हुने गरी प्रत्येक बर्षको लागी ३ प्रतिशतका दरले ५ पटक सम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दरमा कायम गरिएको छ ।

| अबधि (व्यापारीक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खा याम (पौष देखि चैत्र सम्म) रु.प्रति युनिट | बर्षा याम (बैशाख देखि मार्ग सम्म) रु.प्रति युनिट |
|---|---|---|
| पहिलो महिना देखि १२औं महिना सम्म | ८/४० | ४/८० |
| १३औं महिना देखि २४औं महिना सम्म | ८/६५ | ४/९४ |
| २५औं महिना देखि ३६औं महिना सम्म | ८/९० | ५/०९ |
| ३७औं महिना देखि ४८औं महिना सम्म | ९/१६ | ५/२३ |
| ४९औं महिना देखि ६०औं महिना सम्म | ९/४१ | ५/३८ |
| ६१औं महिना देखि सम्झौता अवधि सम्म | ९/६६ | ५/५२ |

ग) कम्पनीको कुल इनर्जी बिद्युत खरिद सम्झौता (Contract) बमोजिम ८,२०,९५,७४२ kwh रहेको छ ।

घ) आयोजनाबाट उत्पादन हुने विद्युत खरीद गर्ने सम्बन्धमा यस सम्झौता बमोजिम हुनुपर्ने कार्यहरुको समन्वय गर्न दुबै पक्षका प्रतिनिधिहरु रहेको एउटा समन्वय समितिको गठन हुनेछ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : १४,९०० किलोवाट क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य सम्पन्न भई मिति २०७३/१०/२२ गतेदेखि विद्युतको व्यापारिक उत्पादन प्रारम्भ गरिएको छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : हेवा खोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्था : जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

(१०) अनुसन्धान तथा विकास : नभएको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नेपाल बिद्युत प्राधिकरण ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण : जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Parts को लागि मात्र हाल Asia Pacific Power Tech Company Ltd, China संग निर्भर रहनु पर्ने अवस्था रहेको छ । त्यस्तै सिभिल संरचनाको High Himalaya Hydro Construction pvt.Ltd.Dhobighat Lalitpur,हाइड्रोमेकानिकल कार्यको लागि Machhapuchhre Metal and Machinery Works Pvt.Ltd Pokhara, प्रशारण लाइनको लागि Cosmic Electrical Engineering Associates Pvt. Ltd Lalitpur तथा परियोजनाको डिजाइन तथा निर्माण सुपरिबेक्षणको लागि Sanima Hydro and Engineering P.Ltd.रहेको छ ।

**(ख) कम्पनीको सम्पत्ति सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** : कम्पनीको स्वामित्वमा हेवा खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु पाँचथर जिल्ला नागिन गा.वि.स को हालको फिदिम नगरपालिका वडा नं. ११ स्थित विद्युत गृहमा जडान भई सञ्चालित अवस्थामा छन् । विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु हालको फिदिम नगरपालिका वडा नं. ११ को रामदलेमा रहेको छ । हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण निम्न अनुसार रहेको छ ।

**सम्पत्ति विवरण २०७५ असार मसान्त**

| विवरण | रकम रु. | अबस्थित स्थान | पछिल्लो अबस्था |
|---|---|---|---|
| सिभिल कार्य | १,५५८,४२४,७६३.०६ | साविक याङ्गनाम, नागिन हाल फिदिम-१० | सञ्चालनमा आएको । |
| मेटल | २२४,६९६,९७६.४० | फिदिम-११, भुतेवारी | सञ्चालनमा आएको । |
| प्रसारण लाइन | १०३,६२६,४७४.८९ | स्वीचयार्ड हिलिहाङ-७, भुतेवारी, सवस्टेसन फिदिम-४, थापाटार, १३२ कावेली करिडोर | निर्माण सम्पन्न गरि विद्युत उत्पादन शुरु भएको |
| अन्य पुर्वाधार | १०५,५०६,९४९.४१ | फिदिम-११, भुतेवारी | सञ्चालनमा आएको । |
| भवन | १९,४७४,१०३.६८ | फिदिम-११, भुतेवारी | सञ्चालनमा आएको । |
| मेशिनरी | ४५६,१३६,८४७.५१ | फिदिम-११, भुतेवारी | पावरहाउसमा जडान भई सञ्चालनमा रहेको । |
| जग्गा | ११,३९७,८४१.१९ | साविक याङ्गनाम, नागिन हाल फिदिम-१० | सञ्चालनमा आएको । |
| कार्यालय औजार | ६६३,३१८.१६ | हात्तिवन, ललितपुर र साइट अफिस फिदिम-१० | आयोजना तथा केन्द्रिय कार्यालयमा प्रयोगमा रहेको । |
| फर्निचर | ५१,६३९.२० | हात्तिवन, ललितपुर र साइट अफिस फिदिम-१० | आयोजना तथा केन्द्रिय कार्यालयमा प्रयोगमा रहेको । |
| सवारी साधन | ७,५७९,८३६.६३ | हात्तिवन, ललितपुर र साइट अफिस फिदिम-१० | आयोजना तथा केन्द्रिय कार्यालयमा प्रयोगमा रहेको । |

**ख) बूंदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : आयोजनाको पावरहाउस, स्वीचयार्ड र स्टाफ क्वाटर आफ्नै जग्गामा निर्माण भएको र इन्टेक, सर्ज ट्याङ्क र पेनस्टक पाइप विछ्याएको गरि कुल ७९.९ हेक्टर बनक्षेत्र नेपाल सरकारसँग ३५ बर्षको लागि लिजमा लिइएको छ । उक्त

बनक्षेत्र प्रयोग गरे वापत आयोजनाकले देहाय अनुसार वन नियमावली, २०५१ को अनुसूची २० मा उल्लेखित पहाडी क्षेत्रमा संगठित संस्थाका लागि तोकिएको कबुलियती वनको दस्तुर प्रति हेक्टर/प्रति वर्ष रु. ३५००/- का दरले हुने रकम सम्वन्धित जिल्ला वन कार्यालयमा प्रत्येक आ.व.को शुरुको दुई महिनाभित्रै बुझाउनु पर्नेछ। प्रथम २ वर्षसम्म सोहि दस्तुर हुने र यसपछिको २० वर्षसम्म यो दस्तुरमा प्रत्येक वर्ष १० प्रतिशतको दरले वार्षिक बृद्धि हुँदै जानेछ।

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैंक : सानिमा बैंक लिमिटेड र सह-वित्तियकरणमा सहभागी बैकहरु क्रमश नेपाल बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, एनसिसि बैंक लिमिटेड, ग्लोबल आईएमई बैंक लिमिटेड, नेपाल बङ्गलादेश बैंक लिमिटेड, सिभिल बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, नेपाल एसबिआई बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, देवः विकास बैंक लिमिटेडको नाउँमा धितोबन्धक रहेको छ।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण** : कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन।

**ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण** : लागु नहुने।

**(ग) कम्पनीको भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीले आफ्नो व्यवसाय वा सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन्।

- ✓ कम्पनिलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने, कम्पनिलाई आबश्यक नपर्ने जग्गा, भवन, सवारी साधन र उपकरणहरु विक्रि गर्ने।
- ✓ कम्पनिलाई आबश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने।
- ✓ कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने।
- ✓ कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थामा धितो राखी वा नराखी कर्जा लिने।
- ✓ कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद तथा विक्रि गर्ने।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :** नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भए तापनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ। जसले गर्दा नेपाली जनताले चर्को लोडसेडिङको मार खेप्नु परिरहेको छ। यसको पर्याप्त विकास हुन सके छिमेकि मुलुकहरुमा निर्यात गर्न पनि सकिन्छ। त्यसैले यो ब्यवसायमा प्रतिस्पर्धाको अवस्था आउने छैन। यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य बस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन।

कम्पनीको आर्थिक स्थिति र हालको अवस्था निम्न अनुसार रहेको छ।

वासलात विवरण २०७५ असार मसान्त

| **विवरण** | **रकम रु.** |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| **शेयर होल्डरहरुको कोष** | |
| शेयर पुंजी | ७७०,०००,०००.०० |
| जगेडा कोष र संचित नाफा | (१०३,०६३,९८८.२७) |
| **ऋण दायित्व** | |
| दिर्धकालिन दायित्व | १,७१७,७५१,९८२.४६ |
| | |
| **जम्मा** | **२,३८४,६८७,९९४.१९** |
| **सम्पत्ति** | |
| खूद स्थिर सम्पत्ति | **२,४८७,६७७,६९८.१४** |
| लगानी | - |
| चालू पूंजीगत कार्य | - |

| | |
|---|---|
| **चालू सम्पत्ति** | |
| जिन्सी मौज्दात | – |
| व्यापारिक तथा अन्य प्राप्य रकम | – |
| नगद तथा बैंक मौज्दात | १,१७०,२५८.७९ |
| अग्रिम भूक्तानी रकम र पेश्कि | ९२,३३३,६५६.४२ |
| | ९३,५०३,९१५.२१ |
| **चालू दायित्वः घटाउने** | |
| बैंक अधिविकर्ष | ३७,९३९,७९६.९१ |
| छोटो अवधि सापटी | ५०,०००,०००.०० |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | १०८,५५३,८२२.२८ |
| **जम्मा दायित्वः घटाउने** | **१९६,४९३,६१९.१९** |
| **जम्मा** | **२,३८४,६८७,९९४.१९** |

**घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा देहाय बमोजिमका ९ (नौ) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

| | |
|---|---|
| संस्थापक समुहबाट | ६ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट | २ जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ | १ जना |

**संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या :** यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १००० (एक हजार) कित्ता शेयर लिएको हुनु पर्दछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४ पूँजी संरचना सम्वन्धि विवरण :**

**क.पूँजीको संरचना :-**

**१. अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु.९६,२५,००,०००/- (छयान्नब्बे करोड पच्चिस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ९६,२५,००० (छयान्नब्बे लाख पच्चिस हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२. जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.९६,२५,००,०००/- (छयान्नब्बे करोड पच्चिस लाख मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ९६,२५,००० (छयान्नब्बे लाख पच्चिस हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले हाल चुक्ता गरेको पूँजी रु. ७७,००,००,०००/- (सतहत्तर करोड मात्र) रहेको छ। उद्योग प्रभावित क्षेत्रका बासिन्दा (९,६२,५०० कित्ता) तथा सर्वसाधारण (कर्मचारी सहित) (९,६२,५०० कित्ता) को लागि यस विवरणपत्र मार्फत निष्काशन हुने कुल रकम रु. १९,२५,००,०००/- (उन्नाइस करोड पच्चिस लाख मात्र) निष्काशन भएपछि कम्पनीको चुक्ता पूँजी रु.९६,२५,००,०००/- (छयान्नब्बे करोड पच्चिस लाख मात्र) हुनेछ ।

**कम्पनी संस्थापना भए पश्चात पूँजी संरचनामा भएको परिवर्तन सम्बन्धि विवरण:**

| क्र.सं | आ.व | अधिकृत पूँजी | | जारी पूँजी | | चुक्ता पूँजी | |
|---|---|---|---|---|---|---|---|
| | | सावक | परिवर्तन भएको | साविक | परिवर्तन भएको | साविक | परिवर्तन भएको |
| १. | २०६६/०६७ | ५,००,००,००० | ५५,००,००,०००/– | ४,००,००,००० | २५,००,००,००० | | |
| २. | २०६८/०६९ | - | - | २५,००,००,००० | ५५,००,००,००० | | |
| ३. | २०७२/०७३ | ५५,००,००,००० | ८४,००,००,००० | ५५,००,००,००० | ८४,००,००,००० | | |
| ४.* | २०७४/०७५ | ८४,००,००,००० | ९६,२५,००,००० | ८४,००,००,००० | ९६,२५,००,००० | ६१,०५,१२,८०० | ७७,००,००,००० |

* २०७४/११/०८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप)**

उद्योग प्रभावित स्थानिय बासिन्दालाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क. | संस्थापक शेयरधनी | ७७,००,००० | ८०% | ७७,००,००,०००/- | शतप्रतिशत |
| ख. | उद्योग प्रभावित क्षेत्र | ९,६२,५०० | १०% | ९,६२,५०,०००/- | शतप्रतिशत |
| ग. | सर्वसाधारणहरु (कर्मचारी समेत) | ९,६२,५०० | १०% | ९,६२,५०,०००/- | शतप्रतिशत |
| | जम्मा | ९६,२५,००० | १०० % | ९६,२५,००,०००/- | |

**५ संस्थापक/संचालक सम्वन्धि जानकारी :**

**(क)संस्थापक/संचालकहरुको पृष्ठभूमी :**

(क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभवः

**आधारभुत शेयरधनीको विवरणः**

| क्र.सं | शेयरधनी/डिवेन्चरवाला को नाम | ठेगाना | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | जम्मा थान | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | यु.वि. ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ल.पु.म.न.पा. वडा नं.१५, ललितपुर । | प्रा.लि. | नेपाली | लागु नहुने | १,७५५,३०४ | लागु नहुने |
| २ | एक्सेस इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर । | प्रा.लि. | नेपाली | लागु नहुने | १,५७९,५०० | लागु नहुने |
| ३ | मेगा भेन्चर प्रा.लि. | गैरीधारा, काठमाण्डौ । | प्रा.लि. | नेपाली | लागु नहुने | १,११२,११९ | लागु नहुने |
| ४ | श्री बसन्त कुमार नेम्वाङ्ग | फिदिम न.पा. १, पाँचथर । | ५६ | नेपाली | स्नातक (कानुन) | ८१,३३१ | १. खोरंगा हाइड्रोपावरमा २०५९ देखि २०६६ सम्म प्रवन्ध सञ्चालकको रुपमा संलग्न ।<br>२. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि हालसम्म सञ्चालकमा संलग्न । |
| ५ | श्री राजेश कुमार श्रेष्ठ | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर । | ५३ | नेपाली | स्नातकोत्तर (अर्थशास्त्र) | १७३,२७० | १. लिटिल एन्जल्स स्कुल एण्ड कलेजमा २०४२ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>२. स्मल हेभन स्कुल चितवनमा २०५७ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>३. मेघा पब्लिकेशन प्रा.लि.मा २०७० देखि संचालक ।<br>४. सगरमाथा टि स्टेट प्रा.लि.मा २०६८ देखि सञ्चालकमा संलग्न ।<br>५. सेञ्चुरी कमर्सियल बैंकमा २०७१ सालदेखि अध्यक्ष पदमा संलग्न ।<br>६. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि संचालकमा संलग्न । |
| ६ | श्री बैकुण्ठ प्रसाद शर्मा | का.म.न.पा. वडा नं. ४, काठमाण्डौ । | ५७ | नेपाली | स्नातकोत्तर | ६३५,६४१ | १. हेवा खोला "ए" जलविद्युत आयोजनामा विगत १० बर्षदेखी संलग्न । |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | इलाम न.पा.. १२, इलाम । | ४५ | नेपाली | स्नातकोत्तर | ८५,४८६ | २२ बर्ष भन्दा बढि समय सरकारी तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थामा संलग्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | श्री रघु नाथ पुरी | का.म.न.पा. वडा नं. ४, काठमाण्डौ । | ४२ | नेपाली | स्नातक | १००,००० | १. ग्लोबल ट्राभल्स एण्ड टुर्स प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>२. देवान कन्सल्टेन्ट प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>३.द रिभर ओभरसिज प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>४. इम्पेरियल होटल प्रा.लिमा २०७३ देखि अध्यक्ष पदमा संलग्न ।<br>५.हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि संचालक पदमा संलग्न । |
| ९ | श्री हिमा तिम्सीना | पोखरा लेखनाथ म.न.पा,२६, कास्की । | ३९ | नेपाली | स्नातकोत्तर | १११,८४८ | करिब १० वर्ष लिटिल एञ्जल्स् स्कुलको शिक्षण पेसामा आबद्ध । |
| १० | श्री दुर्गा प्रसाद उप्रेती | इलाम -१, इलाम । | ५५ | नेपाली | स्नातक | ८८,९०१ | जय दुर्गा निर्माण सेवामा २० बर्ष भन्दा वढीको कार्य अनुभव । |
| ११ | श्री मनिशा श्रेष्ठ | महालक्ष्मी न.पा.-४, ललितपुर । | ४९ | नेपाली | प्रविणता प्रमाणपत्र तह | १००,००० | गृहिणी । |

**संचालकहरुको विवरण :**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री उमेश श्रेष्ठ (प्रतिनिधि यू.वि.इनभेष्टमेण्ट प्रा.लि.) | अध्यक्ष | ६२ | नेपाली | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर । | १,७५५,३०४ | एम.ए,वि.एड | १. लिटिल एञ्जल्स स्कुल एण्ड कलेजमा २०३७ सालदेखि हालसम्म संस्थापक अध्यक्ष्य पदमा संलग्न ।<br>२. नेपाल एजुकेशन फाउण्डेशन जेभिएर एकेडेमिमा २०५७ सालदेखि कार्यकारी अध्यक्ष ।<br>३.एपोलो इन्टरनेसनल कलेजमा २०६८ सालदेखि अध्यक्ष ।<br>४. एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्टमा २०६८ देखि उपाध्यक्ष ।<br>५. प्राइम कमर्सियल बैंक लिमिटेड-संस्थापक ।<br>६. मेघा बैंक नेपाल लिमिटेड-संस्थापक ।<br>७. सेन्चुरी कमर्सियल बैंक लिमिटेड-संस्थापक ।<br>८. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि हालसम्म अध्यक्ष पदमा संलग्न । |
| २ | श्री पुष्प ज्योती ढुङ्गाना (प्रतिनिधि एक्सेस इनभेष्टमेण्ट प्रा.लि.) | प्रवन्ध संचालक | ४४ | नेपाली | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर । | १,५७९,५०० | बि.एड | १. पातीखोला जलविद्युत आयोजनामा २०६१ देखि संथापक शेयर धनि ।<br>२. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रवन्ध संचालक ।<br>३. माइल्सस्टोन एजुकेशन फाउन्डेशनमा संस्थापक ।<br>४. लेकसिटी एजुकेशन फाउण्डेशनमा संस्थापक ।<br>५. बाबरी कन्स्ट्रक्सन प्रा.लिमा संस्थापक ।<br>६. लुम्बिनि विकास बैंक-संस्थापक । |
| ३ | श्री रघुनाथ पुरी (प्रतिनिधि मेगा भेन्चर प्रा.लि. ) | संचालक | ४२ | नेपाली | काठमाण्डौ ४ | १,११२,११९ | स्नातक (व्यवस्थापन संकाय) | १. ग्लोबल ट्राभल्स एण्ड टुर्स प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>२. देवान कन्सल्टेन्ट प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>३.द रिभर ओभरसिज प्रा.लिमा २०६५ देखि अध्यक्ष पदमा संलग्न ।<br>४. इम्पेरियल होटल प्रा.लिमा २०७३ देखि अध्यक्ष पदमा संलग्न ।<br>५.हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि संचालक पदमा संलग्न । |
| ४ | श्री बसन्त कुमार नेम्वाङ्ग | संचालक | ५६ | नेपाली | फिदिम न.पा. १, पाँचथर | ८१,३३१ | स्नातक ( कानुन) | १. खोरंगा हाइड्रोपावरमा २०५९ देखि २०६६ सम्म प्रवन्ध सञ्चालकको रुपमा संलग्न ।<br>२. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि हालसम्म सञ्चालकमा संलग्न ।<br>३. बिके पावर डेभलपर प्रा.लिमा सञ्चालकको रुपमा संलग्न । |
| ५ | श्री राजेश कुमार श्रेष्ठ (प्रतिनिधि यू.वि.इनभेष्टमेण्ट प्रा.लि.) | संचालक | ५३ | नेपाली | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर । | १७३,२७० | स्नातकोत्तर (अर्थशास्त्र) | १. लिटिल एन्जल्स स्कुल एण्ड कलेजमा २०४२ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>२. स्मल हेभन स्कुल चितवनमा २०५७ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>३. मेघा पब्लिकेशन प्रा.लि.मा २०७० देखि संचालक ।<br>४. सगरमाथा टि स्टेट प्रा.लि.मा २०६८ देखि सञ्चालकमा संलग्न ।<br>५. सेञ्चुरी कमर्सियल बैंकमा २०७१ सालदेखि अध्यक्ष पदमा संलग्न ।<br>६. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि संचालकमा संलग्न । |
| ६ | श्री लाल प्रसाद सावाँ लिम्बु (प्रतिनिधि मेगा भेन्चर प्रा.लि. ) | संचालक | | नेपाली | झापा ,सिवसताशी न.पा. | | बि.एस.सी | हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि हालसम्म सञ्चालकमा संलग्न । |

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना(प्राकृतिक ब्यक्ति नखुलेसम्म) :

**संस्थापक कम्पनीको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ।**

**यूवि इन्भेष्टमेण्ट कम्पनि प्रा.लि**. :

यस कम्पनि नेपाल सरकार को प्रचलित कानून वमोजीम कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६३।०१।२५ दर्ता नं. ३९३६७ मा दर्ता भई ललितपुर म.न.पा. वडा नं १५ मा रजिष्टर्ड कार्यालय रहेको छ। जलविद्युत तथा अन्य क्षेत्रमा लगानी गर्ने उद्देश्य भएको यस कम्पनीले हाल पाँचथर पावर कम्पनि लिमिटेडमा लगानी गरेको छ।

**एक्सेस इन्भेष्टमेण्ट कम्पनि प्रा.लि**. :

यस कम्पनि नेपाल सरकार को प्रचलित कानून वमोजीम कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६६।०१।२८ दर्ता नं. ६२५७८ मा दर्ता भई ललितपुर म.न.पा. वडा नं ३ धोविघाट मा रजिष्टर्ड कार्यालय रहेको छ। जलविद्युत तथा अन्य क्षेत्रमा लगानी गर्ने उद्देश्य भएको यस कम्पनीले हाल पाँचथर पावर कम्पनि लिमिटेडमा मात्र लगानी गरेको छ।

**मेगा भेन्चर प्रा.लि**. :

यस कम्पनि नेपाल सरकार को प्रचलित कानून वमोजीम कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६८।११।२१ दर्ता नं. ९११४८ मा दर्ता भई का.म.न.पा. वडा नं ३ टंगालमा रजिष्टर्ड कार्यालय रहेको छ। जलविद्युत तथा अन्य क्षेत्रमा लगानी गर्ने उद्देश्य भएको यस कम्पनीले हाल पाँचथर पावर कम्पनि लिमिटेडमा लगानी गरेको छ।

**संस्थापक कम्पनिको संचालकहरुको नाम ठेगाना निम्न अनुसार रहेको छ।**

| क.सं. | संलग्न रहेको संस्था | संचालकको नाम | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | यूवि इन्भेष्टमेण्ट कम्पनि प्रा.लि | श्री उमेश श्रेष्ठ | अध्यक्ष | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| | | श्रीमति बिद्या लिम्वु | संचालक | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| | | राजेश कुमार श्रेष्ठ | संचालक | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| | | श्रीमति सृष्टि लिम्वु | संचालक | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| २ | एक्सेस इन्भेष्टमेण्ट प्रा.लि. | श्री पुष्प ज्योती ढुङ्गाना | अध्यक्ष | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| | | श्री धन राज आचार्य | प्रवन्ध संचालक | पोखरा लेखनाथ न.पा. ३३, कास्की। |
| | | श्री नन्द राज पोखेल | संचालक | का.म.न.पा ३२ , काठमाण्डौ। |
| | | श्री सुधिर खनाल | संचालक | ल.पु.म.न.पा. वडा नं.०३, ललितपुर। |
| | | श्री सर्व कल्याण कंडेल | संचालक | का.म.न.पा १३ , काठमाण्डौ। |
| ३ | श्री मेगा भेन्चर प्रा.लि. | श्री रघुनाथ पुरी | अध्यक्ष | मोरङ्ग, डाँगीहाट -१ । |
| | | श्री बल बहादुर तामाङ्ग | संचालक | ताप्लेजुङ्ग, ढुङ्गेसाँगु -३। |
| | | श्री नरेश गेलाल | संचालक | सिराहा, लाहान -९। |
| | | श्री लाल प्रसाद सावाँलिम्बु | संचालक | झापा, सिवसतासि न.पा. ७,। |
| | | श्री प्रकाश राज बर्तौला | संचालक | मकवानपुर,हाँडिखोला -५। |
| | | श्री रबिन गुरुङ्ग | संचालक | काठमाण्डौ, का.म.न.पा -९। |

(ग) संगठित संस्थाका संचालकहरु, अन्य कुनै संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :

| क.सं. | नाम | सम्वन्धित रहेको संस्था, फर्म र कम्पनीहरु | पद |
|---|---|---|---|
| १. | उमेश श्रेष्ठ | लिटिल एञ्जल्स स्कुल एण्ड कलेज | संस्थापक अध्यक्ष |
| | | नेपाल एजुकेशन फाउण्डेशन जेभिएर एकेडेमि | कार्यकारी अध्यक्ष |
| | | एपोलो इन्टरनेसनल कलेज | अध्यक्ष |
| | | एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि। | उपाध्यक्ष |
| | | प्राइम कमर्सियल बैंक लिमिटेड | संस्थापक |
| | | मेघा बैंक नेपाल लिमिटेड | संस्थापक |
| | | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | संस्थापक |
| २ | राजेश कुमार श्रेष्ठ | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | अध्यक्ष |
| | | लिटिल एञ्जल्स स्कुल एण्ड कलेज | संचालक |
| | | स्मल हेभन स्कुल चितवन | संचालक |
| | | मेघा पब्लिकेशन प्रा.लि. | संचालक |

| | | | |
|---|---|---|---|
| | | सगरमाथा टि स्टेट प्रा.लि | संचालक |
| ३ | श्री रघुनाथ पुरी | ग्लोबल ट्राभल्स एण्ड टुर्स प्रा.लि | अध्यक्ष |
| | | देवान कन्सल्टेन्ट प्रा.लि | अध्यक्ष |
| | | द रिभर ओभरसिज प्रा.लि | अध्यक्ष |
| | | इम्पेरियल होटल प्रा.लि | अध्यक्ष |
| ४ | श्री पुष्पज्योती ढुङ्गाना | पातीखोला जलविद्युत आयोजना | संस्थापक |
| | | लुम्बिनि विकास बैंक | संस्थापक |
| | | माइल्सस्टोन एजुकेशन फाउण्डेशन | संस्थापक |
| | | लेकसिटी एजुकेशन फाउन्डेशन | संस्थापक |
| | | बाबरी कन्स्ट्रक्सन प्रा.लि | संस्थापक |
| ५ | श्री बसन्त कुमार नेम्वाङ्ग | बिके पावर डेभलपर प्रा. लि । | संचालक |

**यस संस्थाको संचालकहरु उस्तै प्रकृतिको अन्य सुचिकृत संगठित संस्थाको संचालक नरहेकोले संस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०७४ को पालना भएको तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को समेत पालना भएको छ।**

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(१) कम्पनीले कम्पनी ऐन २०६३ को अधिनमा रही अधिकृत पुँजी तथा जारी पुँजी वृद्धि गर्न र साधारण शेयर विक्री गरी पुंजी उठाउन सक्नेछ। तर त्यसरी शेयर विक्री गर्दा कम्पनीको प्रबन्धपत्रको दफा-६ को खण्ड (घ) वमोजिम जारी पुँजीको २० प्रतिशत शेयर सर्वसाधारणका निमित्त सुरक्षित गरिनेछ।

(२) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ति वा संगठित संस्थालाई विक्री गर्न सक्नेछ।

(३) “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम (९) को उपनियम (६) मा भएको ब्यबस्था अनुरुप आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई विक्रि वितरण गरेको शेयर सर्वसाधारणको लागी निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन।

(४) स्थानियवासी तथा सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा ९,६२० -(नौ हजार छ सय विस) कित्ता शेयर खरिद गर्नका लागी निवेदन गर्न सकिनेछ। तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन।

(ङ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**(ख) संस्थापक/संचालकसंगको कारोबार :**

क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण** :

प्रबन्ध निर्देशकले बैठक भत्ता, मासिक तलव, वित्तिय संचालकले बैठक भत्ता र मासिक तलव र अन्य संचालक तथा अध्यक्षले बैंठक भत्ता वाहेक हाल सम्म अन्य कुनै सुविधाहरु नलिएको।

**ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका** : साधारण सभाको निर्णय बाट।

**६ सिमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना प्रचलित कम्पनि कानून अन्तर्गत पाँचथर पावर प्रा.लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/०७/१८ गते दर्ता भई आयोजना निर्माण कार्य सुरु गरिएकोमा मिति २०७३/०४/२५ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा पाँचथर पावर कम्पनी लिमिटेडको नामबाट कार्य गर्दै आइरहेको छ। यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ।

**७ संगठित संस्थाको कर्मचारी सम्वन्धि विवरण :**

**(क)संगठित संस्थाको कर्मचारी सम्वन्धि विवरण :**

क) संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण।

**व्यवस्थापनको विवरण:**

| क्र.सं. | नाम | नियुक्ति मिति | पद | शैक्षिक योग्यता | कम्पनीमा लिएको शेयर संख्या | लगानीको विवरण | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री पुष्प ज्योती ढुङ्गाना | २०६८।०९।०२३ | प्रवन्ध संचालक | बि.एड | नरहेको । | – | १. पातीखोला जलविद्युत आयोजनामा २०६१ देखि संथापक शेयर धनि ।<br>२. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि प्रवन्ध संचालक ।<br>३. माइल्सस्टोन एजुकेशन फाउन्डेशनमा संस्थापक ।<br>४. लेकसिटी एजुकेशन फाउन्डेशनमा संस्थापक ।<br>५. बाबरी कन्स्ट्रक्सन प्रा.लिमा संस्थापक ।<br>६. लुम्बिनि विकास बैंक- संस्थापक । |
| २. | श्री राजेश कुमार श्रेष्ठ | २०६८।०९।०२३ | वित्तिय निर्देशक | स्नातकोत्तर (अर्थशास्त्र) | १,७३,२७० | – | १. लिटिल एन्जल्स स्कुल एण्ड कलेजमा २०४२ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>२. स्मल हेभन स्कुल चितवनमा २०५७ सालदेखि हालसम्म सञ्चालकमा संलग्न ।<br>३. मेघा पब्लिकेशन प्रा.लि.मा २०७० देखि संचालक ।<br>४. सगरमाथा टि स्टेट प्रा.लि.मा २०६८ देखि सञ्चालकमा संलग्न ।<br>५. सेञ्चुरी कमर्सियल बैंकमा २०७१ सालदेखि अध्यक्ष पदमा संलग्न ।<br>६. हेवा खोला "ए" जलविद्युत आयोजनामा २०६५ देखि संचालकमा संलग्न । |
| ३ | श्री सुन्दर मणी सुवेदी | २०६६।०८।०१ | व्यवस्थापक (बित्त तथा प्रशासन) | स्नातकोत्तर (व्यवस्थापन) | नरहेको । | – | नेपाल कृषि अनुसन्धान परिषदमा ५ वर्षको कार्य अनुभव, खोरङ्गा हाइड्रोपावरमा ५ वर्षको कार्य अनुभव र हेवा खोला ए जलविद्युत आयोजनामा २०६६ देखि हालसम्म सेवारत । |

**द्रष्ट्रब्य: बित्तिय निर्देशकको सन्दर्भमा मिति २०७४ साल श्रावण १० गते बसेको सञ्चालक समिति बैठकको निर्णय बमोजिम वित्तिय क्षेत्रको सञ्चालन जिम्मेवारी श्री राजेश कुमार श्रेष्ठलाई दिने तथा उक्त जिम्मेवारी बहन गरे बापत निजलाई मासिक रुपमा रु. १,००,०००/- मात्र संचालक भत्ता प्रदान गर्ने समेत निर्णय गरेको छ । साथै कम्पनीको नियमावली अनुसार प्रवन्ध संचालकको रुपमा श्री पुष्पज्योति ढुंगाना मात्र कार्यकारी रहनु भएको जानकारी गराउँदै नियमावली बमोजिमका अन्य आवश्यक प्रक्रियाहरु आगामि साधारणसभा बाट पुरा गरिनेछ ।**

साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने सम्बन्धी विवरण :

| क्र.सं. | नाम | पद | कम्पनीको नाम | शेयर रकम |
|---|---|---|---|---|
| १. | श्री पुष्प ज्योती ढुङ्गाना | प्रवन्ध संचालक | लुम्बिनी विकास बैंक, संस्थापक समुह | २,५२,००,८००/- |
| २. | श्री राजेश कुमार श्रेष्ठ | वित्तिय निर्देशक | सेन्चुरी कमर्सियल बैंक, सर्वसाधारण समुह | ८,००,०००/- |

ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्ने : सो नभएको ।

ग) कर्मचारी संख्या : २७ जना

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| २५ जना | - | २ | - | - | २७ जना |

**(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** कम्पनीका संचालकहरुलाई संचालक समितिको बैठकमा भाग लिए वापत प्रति वैठक अध्यक्ष रु. १०,०००/ तथा सदस्य रु.५,०००/ सुविधा प्रदान गरिएको छ । धितोपत्र

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम :**

| सि.नं. | नाम | पद | एक बर्ष भित्र अर्थात २०७४ श्रावण देखि २०७५ आषाढ सम्ममा भुक्तानी गरेको पारिश्रमिक रु. |
|---|---|---|---|
| १. | श्री पुष्प ज्योती ढुङ्गाना | प्रवन्ध संचालक | १५,६०,०००।- |
| २. | श्री राजेश कुमार श्रेष्ठ | वित्तिय निर्देशक | १२,००,०००।- |
| ३. | सुन्दर मणी सुवेदी | ब्यबस्थापक, आर्थिक तथा प्रशासन | ४,४५,०००।- |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**८.अर्न्तनिहित जोखिम तथा सोको ब्यवस्थापनका लागि ब्यवस्थापनको धारणा :**

कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

– संचालनमा रहेको जलविद्युत केन्द्रमा वित्तीय जोखिम नरहेको ।

– नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

– जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

– हालसम्म बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :

– आयोजना संचालनमा आइसकेकोले सो नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :

– विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :

– अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निमार्ण कार्यमा ढिलाई हुन सक्ने ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

– अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुन जोखिमहरु

(झ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :

- जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम : जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक,जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

(ट) जोखिम व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्नका लागि कम्पनीले गरेका विमाहरु सम्वन्धि विवरण तपसिल वमोजिम रहेको छ ।

अग्नि विमा र Loss on Profit अन्तर्गतको सम्पुष्टि नं KTM/FIRE/31/17/18/013742 मा ऋमश श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडबाट ने.रु. ४५,५२,६५,०००/- (पैंतालिस करोड वाउन्न लाख पैंसठ्ठी हजार मात्र) र ने.रु. १,८६,४२,५०,०००/- ( एक अर्ब छयासी करोड बयालिस लाख पचास हजार मात्र) वरावरको अग्नि विमा गरिएको छ र यसको बैधता सन् २०१८-१२-२९ सम्म रहेको र प्रत्येक वर्ष नविकरण गरिने विमा पोलिसि रहेको छ ।

(ठ) अन्य :

(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/– प्रति शेयरका दरले निष्काशित शेयर मूल्यले सूचिकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**९.वित्तिय बिवरण**

**(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण**

**(क) कम्पनीको लेखापरिक्षण भएको पछिल्लो वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाहको विवरण :**

**वासलात (२०७५ आषाढ मसान्तको)**

| विवरण | रकम रु. |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| **शेयर होल्डरहरुको कोष** | |
| शेयर पुंजी | ७७०,०००,०००.०० |
| जगेडा कोष र संचित नाफा | (१०३,०६३,९८८.२७) |
| **ऋण दायित्व** | |
| दिर्धकालिन दायित्व | १,७१७,७५१,९८२.४६ |
| | |
| **जम्मा** | **२,३८४,६८७,९९४.१९** |
| **सम्पत्ति** | |
| खूद स्थिर सम्पत्ति | **२,४८७,६७७,६९८.१४** |

| | |
|---|---|
| लगानी | - |
| चालू पूंजीगत कार्य | - |
| **चालू सम्पत्ति** | |
| जिन्सी मौज्दात | – |
| व्यापारिक तथा अन्य प्राप्य रकम | – |
| नगद तथा बैंक मौज्दात | १,१७०,२५८.७९ |
| अग्रिम भूक्तानी रकम र पेश्कि | ९२,३३३,६५६.४२ |
| | **९३,५०३,९१५.२१** |
| **चालू दायित्वः घटाउने** | |
| बैंक अधिविकर्ष | ३७,९३९,७९६.९१ |
| छोटो अवधि सापटी | ५०,०००,०००.०० |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | १०८,५५३,८२२.२८ |
| **जम्मा दायित्वः घटाउने** | **१९६,४९३,६१९.१९** |
| **जम्मा** | **२,३८४,६८७,९९४.१९** |

**नाफा नोक्सान हिसाब (२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको)**

| **विवरण** | **वास्तविक रु.** |
|---|---|
| | |
| विक्री आम्दानी | २५३,२६५,६७४.०० |
| स्थिर सम्पतिको विक्रिमा नाफा | ६३९,८४०.०० |
| **जम्मा आम्दानी** | **२५३,९०५,५१४** |
| बिक्रिको लागत | |
| **मोटामोटी नाफा** | – |
| **व्यावसायीक खर्च** | |
| प्रशासकीय तथा साधारण खर्च | २२,३२२,६६७.०५ |
| बैंक व्याज खर्च | १९६,३०९,४८८.०४ |
| बीमा खर्च | |
| रोयल्टी | ६,९६९,८५६.०० |
| आयोजना मर्मत खर्च | |
| ह्रास खर्च | ८५,५९९,५९७.८७ |
| | |
| **जम्मा खर्च** | ३११,२०१,६०८.९६ |
| **कर्मचारी वोनस तथा आयकर व्यवस्था अधिको नाफा/(नोक्सान)** | |
| कर्मचारी बोनस व्यवस्था | |
| **कर अधिको नाफा /(नोक्सान)** | **(५७,२९६,०९४.९६)** |
| आयकर व्यवस्था | – |
| **कर पछिको खूद नाफा /(नोक्सान)** | **(५७,२९६,०९४.९६)** |
| **नाफा नोक्सान बांडफांड हिसाव** | |
| गतबर्ष सम्मको संचित नाफा/(नोक्सान) | (४५,७६७,८९३.३१) |
| पुंजीगत अर्धनिर्मित सम्पत्ति | |
| **जम्मा** | **(१०३,०६३,९८८.२७)** |
| साधारण जगेडा कोष | |
| प्रस्तावित वोनस | |

| | |
|---|---|
| अन्य जगेडा कोष | |
| **वासलातमा सारेको संचित नाफा/(नोक्सान)** | **(१०३,०६३,९८८.२७)** |

**नगद प्रवाहको विवरण(२०७५ आषाढ मसान्तको)**

| **विवरण** | **आ.व २०७४/०७५** |
|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | |
| आयकर पछिको नाफा | (५७,२९६,०९४.९६) |
| जोड्ने : ह्रासकट्टी | ८५,५९९,५९७.८७ |
| ऋण बापतको व्याज आम्दानी | - |
| न्युन स्थिर सम्पत्तिको निसर्गबाट भएको नाफा | - |
| **कार्यशिल पूंजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | **२८,३०३,५०२.९१** |
| चालु सम्पत्तिमा भएका कमी/(बृद्धि) | ६,७८७,४६६.४० |
| अग्रिम भूक्तानी तथा धरौटीमा भएको कमी /(बृद्धि) | |
| चालु दायित्वमा भएको (कमी)/बृद्धि | (२९,७२४,९२३.५१) |
| **चालु पूँजीमा भएको नगद प्रवाह** | |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (कं)** | **५,३६६,०४५.८०** |
| **लगानी गतिविधिको नगद प्रवाह** | - |
| पुँजीगत सम्पतिमा भएको कमी/ (बृद्धि) | |
| निर्माणधिन परियोजनाको खर्चमा भएको वृद्धि | |
| स्थिर सम्पत्तीको (खरिद) | **(८१,७०५,७८०.८४)** |
| स्थिर सम्पत्ती लगानीको बिक्री | **८६०,१६०.००** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (खं)** | **(८०,८४५,६२०.८४)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | - |
| शेयर पूंजीमा भएको वृद्धि | **७१,८४०,५००.००** |
| दीर्घकालिन ऋणमा भएको कमी/ (बृद्धि) | **४,६४५,५७०.०१** |
| असुरक्षित दीर्घकालिन ऋण भएको कमी/ (बृद्धि) | |
| दिर्घकालिन ऋणको व्याज भुक्तानी | - |
| लाभाँस वितरण | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **७६,४८६,०७०.०१** |
| **नगदमा भएको कुल बृद्धि/(कमि) (क+ख+ग)** | **१,००६,४९४.९७** |
| अघिल्लो वर्षको नगद तथा बैंक मौज्दात | **१६३,७६३.८५** |
| **आर्थिक बर्षको अन्तमा रहेको नगद मौज्दात** | **१,१७०,२५८.७९** |

**ख) संचालन अवधि तीन वर्ष ब्यतित भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतित भइनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान बासलात सहितको संक्षिप्त विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):**

**बासलात**

| **विवरण** | **वास्तविक** | | | |
|---|---|---|---|---|
| | **२०७१/०७२** | **२०७२/०७३** | **२०७३/०७४** | **२०७४/०७५** |
| **पूंजी तथा दायित्व** | | | | |
| **शेयर होल्डरहरुको कोष** | | | | |
| शेयर पुंजी | ३६०,०००,०००.०० | ६१०,५१२,८००.०० | ६९८,१५९,५००.०० | ७७०,०००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| जगेडा कोष र संचित नाफा | (७७,०४१,९८६.६८) | (१०२,१९१,७३२.३७) | (४५,७६७,८९३.३१) | (१०३,०६३,९८८.२७) |
| अग्रिम शेयर पुँजी | १३२,५२५,४०५.६६ | | | |
| **ऋण दायित्व** | | | | |
| अल्पकालिन ऋण(Bridge gap Loan) | १४९,२७९,६३६.३५ | १५४,८६५,२१६.५३ | | |
| दिर्धकालिन दायित्व | १,०००,०८९,१७८.४१ | १,४८८,८६४,२९५.२८ | १,७१३,१०६,४१२.४५ | १,७१७,७५१,९८२.४६ |
| **जम्मा** | **१,५६४,८५२,२३३.७४** | **२,१५२,०५०,५७९.४६** | **२,३६५,४९८,०१९.१४** | **२,३८४,६८७,९९४.१९** |
| **सम्पत्ति** | | | | |
| खूद स्थिर सम्पत्ति | **२६,०१५,५८८.५२** | **२३,६२५,७८५.७३** | **२,४९,२,४३१,६७५।१७** | **२,४८७,६७७,६९८.१४** |
| लगानी | ४०,०००,०००.०० | | – | |
| चालू पूंजीगत कार्य | **१,५५१,७३८,४७४.५८** | २,०९६,६२०,७३७.१४ | – | |
| **जम्मा सम्पत्ति** | **१,६१७,७५४,०६३.१०** | **२,१२०,२४६,५२२.८७** | **२,४९२,४३१,६७५.१७** | **२,४८७,६७७,६९८.१४** |
| **चालू सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | | | – | |
| व्यापारिक तथा अन्य प्राप्य रकम | | | – | |
| नगद तथा बैंक मौज्दात | ८,८०७,९५४.८९ | **६,४१५,६९९.३३** | १६३,७६३.८५ | **१,१७०,२५८.७९** |
| अग्रिम भूक्तानी रकम र पेश्कि | ११७,६८८,२६५.४७ | **२३३,२५०,२६९.३३** | ९९,०९१,७५२.८२ | **९२,३३३,६५६.४२** |
| **जम्मा चालू सम्पत्ति** | १२६,४९६,२२०.३६ | २३९,६६५,९६८.६६ | ९९,२५५,५१६.६७ | ९३,५०३,९१५.२१ |
| **चालू दायित्वः घटाउने** | | | | |
| बैंक अधिविकर्ष | | | ४९,३२८,७७८.१७ | **३७,९३९,७९६.९१** |
| छोटो अवधि सापटी | | | ५०,०००,०००.०० | **५०,०००,०००.००** |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | १७९,३९८,०४९.७१ | २०७,८६१,९१२.०७ | १२६,८६०,३९४.५३ | **१०८,५५३,८२२.२८** |
| **जम्मा दायित्वः घटाउने** | (१७९,३९८,०४९.७१) | (२०७,८६१,९१२.०७) | (२२६,१८९,१७२.७०) | **(१९६,४९३,६१९.१९)** |
| **जम्मा** | **१,५६४,८५२,२३३.७५** | **२,१५२,०५०,५७९.४६** | **२,३६५,४९८,०१९.१४** | **२,३८४,६८७,९९४.१९** |

नाफा नोक्सान हिसाब

| **विवरण** | **वास्तविक** | | | |
|---|---|---|---|---|
| | **२०७१/०७२** | **२०७२/०७३** | **२०७३/०७४** | **२०७४/०७५** |
| विक्री आम्दानी | - | - | ८,८८,३४,३२० | २५३,२६५,६७४.०० |
| अन्य आम्दानी | - | - | | ६३९,८४०.०० |
| **जम्मा आम्दानी** | **-** | **-** | ८,८८,३४,३२० | **२५३,९०५,५१४** |
| बिक्रिको लागत | - | - | | |
| **मोटामाटी नाफा** | **-** | **-** | **-** | **-** |
| **व्यावसायीक खर्च** | | | | |
| प्रशासकीय तथा साधारण खर्च | १९,१३६,५१३.२६ | २२,०४४,१५९.४२ | ५४,८०,८७५.१५ | २२,३२२,६६७.०५ |
| बैंक व्याज खर्च | १८,९३५.०० | १८७,८३३.४८ | ८,८०,५३,२५७.७५ | १९६,३०९,४८८.०४ |
| स्थिर सम्पत्ति विक्रिमा नोक्सान | २,१२६,६६६.६७ | | | |
| बीमा खर्च | | | | |
| रोयल्टी | | | २,८६८,५७१ | ६,९६९,८५६.०० |
| आयोजना मर्मत खर्च | | | | |
| ह्रास खर्च | ३,६०८,६४४.९४ | २,९१७,७५२.७९ | ३७,५३५,५०९.४२ | ८५,५९९,५९७.८७ |
| **जम्मा खर्च** | | **२४,९६१,९१२.२१** | **१३३,९३८,१९५.३२** | ३११,२०१,६०८.९६ |
| **कर्मचारी वोनस तथा आयकर व्यवस्था अघिको नाफा/(नोक्सान)** | - | - | | |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारी बोनस व्यवस्था | | | | |
| **कर अधिको नाफा /(नोक्सान)** | | (२५,१४९,७४५.६९) | (४५,१०३,८९३.३२) | (५७,२९६,०९४.९६) |
| आयकर व्यवस्था | | | | - |
| **कर पछिको खूद नाफा /(नोक्सान)** | (२४,८९०,७५९.८७) | (२५,१४९,७४५.६९) | (४,५१,०३,८९३.३२) | (५७,२९६,०९४.९६) |
| **नाफा नोक्सान बांडफांड हिसाव** | | | | |
| गतबर्ष सम्मको संचित नाफा/( नोक्सान) | | (७७,०४१,९८६.६८) | (१०२,१९१,७३२.३७) | (४५,७६७,८९३.३१) |
| पुँजीगत अर्धनिर्मित सम्पत्ति | ) | | १०१,५२७,७३२.३८ | |
| **जम्मा** | | | (४५,७६७,८९३.३१) | (१०३,०६३,९८८.२७) |
| साधारण जगेडा कोष | | | | |
| प्रस्तावित वोनस<br>अन्य जगेडा कोष | | | | |
| **वासलातमा सारेको संचित नाफा/( नोक्सान)** | (५२,१५१,२२६.८१) | (१०२,१९१,७३२.३७) | (४५,७६७,८९३.३१) | (१०३,०६३,९८८.२७) |

**नगद प्रवाहको विवरण**

| विवरण | आ.व | आ.व | आ.व. | आ.व. |
|---|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | | |
| आयकर पछिको नाफा | (२४,८९०,७५९.८७) | (२५,१४९,७४५.६९) | (४५,१०३,८९३.३२) | (५७,२९६,०९४.९६) |
| जोड्ने : ह्रासकट्टी | ३,६०८,६४४.९४ | २,९१७,७५२.७९ | ३,७,५३५,५०९.४२ | ८५,५९९,५९७.८७ |
| ऋण बापतको व्याज आम्दानी | - | - | - | - |
| न्युन स्थिर सम्पत्तिको निसर्गबाट भएको नोक्सान | २,१२६,६६६.६७ | - | - | - |
| **कार्यशिल पूंजी परिवर्तन अधिको संचालन नगद प्रवाह** | **(१९,१५५,४४८.२६)** | **(२२,२३१,९९२.९० )** | **(७,५६८,३८३.९०)** | **२८,३०३,५०२.९१** |
| चालु सम्पत्तिमा भएका कमी/( बृद्धि) | ११७,९६०,६७६.०२ | ( ११५,५६२,००३.८६ ) | १३४,१५८,५१६.५१ | ६,७८७,४६६.४० |
| चालु दायित्वमा भएको ( कमी)/बृद्धि | १६६,८१२,०५०.५४ | २८४,६३८,८६२.३६ | १८,३२७,२६०.६३ | (२९,७२४,९२३.५१) |
| **चालु पूँजीमा भएको नगद प्रवाह** | | | | |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (कं)** | **२६५,६१७,२७८.३०** | **१०९,३३०,१३४.४०** | **१४४,९१७,३९३.२४** | **५,३६६,०४५.८०** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | - | - | |
| पुँजीगत सम्पतिमा भएको कमी/ ( बृद्धि) | (९७५,६३०,७९४.०९) | ५४४,८८२,२६२.५६ | २,०९६,६२०,७३७.१४ | - |
| स्थिर सम्पत्तीको (खरिद) | (४४,००२,८२०.५०) | (५७७,९५०) | (२,४०४,८१३,६६६.५१) | (८१,७०५,७८०.८४) |
| सम्पत्तिको विक्रि | ३००,०००.०० | | | ८६०,१६०.०० |
| लगानीको बिक्री | | ४०,०५०,००० | - | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (खं)** | **(१,०१९,३३३,६१४.५९)** | **(५०५,४१०,२१२.५६)** | **(३०८,१९२,९२९.३७)** | **(८०,८४५,६२०.८४)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | - | - | |
| शेयर पूंजीमा भएको वृद्धि | १२९,४२५,४०५.६६ | ११७,९८७,३९४.३४ | ८७,६४६,७०० | ७१,८४०,५००.०० |
| दीर्घकालिन ऋणमा भएको कमी/ (बृद्धि) | ६३२,९०८,५५३.९८ | ४९४,३६०,६९७.०५ | ६९,३७६,९००.६४ | ४,६४५,५७०.०१ |
| असुरक्षित दीर्घकालिन ऋण भएको कमी/ (बृद्धि) | | - | | |
| दिर्घकालिन ऋणको व्याज भुक्तानी | | - | - | |

| | | | | |
|---|---|---|---|---|
| लाभाँस वितरण | | - | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | ७६२,३३३,९५९.६४ | ६१२,३४८,०९१.३९ | १५७,०२३,६००.६४ | ७६,४८६,०७०.०१ |
| **नगदमा भएको कुल बृद्धि/(कमि) (क+ख+ग)** | ८,६१७,६२३.३५ | (२,३९२,२५५.५७) | (६,२५१,९३५.४९) | १,००६,४९४.९७ |
| अघिल्लो वर्षको नगद तथा बैंक मौज्दात | १९०,३३१.५४ | ८,८०७,९५४.८९ | ६,४१५,६९९.३३ | १६३,७६३.८५ |
| आर्थिक बर्षको अन्तमा रहेको नगद मौज्दात | ८,८०७,९५४.८९ | ६,४१५,६९९.३३ | १६३,७६३.८५ | १,१७०,२५८.७९ |

ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्विकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण : नरहेको

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण** : नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा** : सो नभएको ।

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने** : सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए**

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको किताबी मूल्य,

(इ) पूनर्मूल्यांकनको औचित्य,

विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु,

प्रक्षेपित वासलात

| **विवरण** | प्रक्षेपित | | |
|---|---|---|---|
| | **२०७५/०७६** | **२०७६/०७७** | **२०७७/०७८** |
| **<u>पूँजी तथा दायित्व</u>** | | | |
| **शेयर होल्डरहरुको कोष** | | | |
| शेयर पुँजी | ९६२,५००,००० | ९६२,५००,००० | ९६२,५००,००० |
| जगेडा कोष र संचित नाफा | (७१,४१८,०७३) | ८८,१६५,३२४ | २७४,७०९,४९६ |
| **ऋण दायित्व** | | | |
| अल्पकालिन ऋण(Bridge gap Loan) | | | |
| दिर्धकालिन दायित्व | १,५८०,२५१,९८२ | १,४६५,४५९,९८२ | १,३१८,२५१,९८२ |
| **जम्मा** | **२,४७१,३३३,९१०** | **२,५१६,१२५,३०६** | **२,५५५,४६१,४७९** |
| **<u>सम्पत्ति</u>** | | | |
| खूद स्थिर सम्पत्ति | **२,४७०,५४६,७५३** | **२,३८२,१५५,६०५** | **२,२९४,०४६,१०२** |
| लगानी | | | - |
| चालू पूंजीगत कार्य | | | - |
| **<u>चालू सम्पत्ति</u>** | | | |
| जिन्सी मौज्दात | | | **-** |
| व्यापारिक तथा अन्य प्राप्य रकम | | | **-** |
| नगद तथा बैंक मौज्दात | १६,९२८,००७ | १२६,६७०,५८५ | २३९,१६१,४४४ |
| अग्रिम भूक्तानी रकम र पेश्कि | ३०,८०६,२४३ | ४०,३९४,४५५ | ४१,५००,६५८ |
| **जम्मा चालु सम्पत्ति** | **४७,७३४,२४९** | **१६७,०६५,०४०** | **२८०,६६२,१०१** |
| **<u>चालू दायित्वः घटाउने</u>** | | | |
| बैंक अधिविकर्ष | | | |
| छोटो अवधि सापटी | | | |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | ४६,९४७,०९३ | ३३,०९५,३४० | १९,२४६,७२४ |
| **जम्मा चालू दायित्वः घटाउने** | (४६,९४७,०९३) | (३३,०९५,३४०) | (१९,२४६,७२४) |

| | | | |
|---|---|---|---|
| **जम्मा** | २,४७१,३३३,९१० | २,५१६,१२५,३०६ | २,५५५,४६१,४७९ |

प्रक्षेपित नाफा नोक्सान हिसाब

| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|
| विक्री आम्दानी | ३५८,६१०,९११ | ४७३,६६९,४६० | ४८६,९४३,८९१ |
| अन्य आम्दानी | - | - | |
| **जम्मा आम्दानी** | **३५८,६१०,९११** | **४७३,६६९,४६०** | **४८६,९४३,८९१** |
| बिक्रिको लागत | - | - | |
| **मोटामाटी नाफा** | - | - | – |
| **व्यावसायीक खर्च** | | | |
| प्रशासकीय तथा साधारण खर्च | १९,५७७,७१४ | १८,५३५,३४९ | १९,४६२,११७ |
| बैंक व्याज खर्च | २००,५३७,२७८ | १८३,८२३,६१८ | १६८,२९६,३३८ |
| बीमा खर्च | ७,४४९,६७६ | ७,८२२,१६० | ८,२१३,२६८ |
| रोयल्टी | ८,६७२,२१८ | १०,९७३,३८९ | ११,२३८,८७८ |
| आयोजना मर्मत खर्च | १,३४८,७३१ | १,३४८,७३१ | १,३४८,७३१ |
| ह्रास खर्च | ८८,७४६,४६० | ८८,३९१,१४८ | ८८,१०९,५०४ |
| **जम्मा खर्च** | **३२६,३३२,०७७** | **३१०,८९४,३९५** | **२९६,६६८,८३६** |
| **कर्मचारी वोनस तथा आयकर व्यवस्था अधिको नाफा/(नोक्सान)** | **३२,२७८,८३४** | **१६२,७७५,०६४** | **१९०,२७५,०५६** |
| कर्मचारी बोनस व्यवस्था | ६३२,९१८ | ३,१९१,६६८ | ३,७३०,८८३ |
| **कर अधिको नाफा /(नोक्सान)** | **३१,६४५,९१६** | **१५९,५८३,३९६** | **१८६,५४४,१७३** |
| आयकर व्यवस्था | | | |
| **कर पछिको खूद नाफा /(नोक्सान)** | **३१,६४५,९१६** | **१५९,५८३,३९६** | **१८६,५४४,१७३** |
| **नाफा नोक्सान बांडफांड हिसाव** | | | |
| गतबर्ष सम्मको संचित नाफा/(नोक्सान) | (१०३,०६३,९८८) | (७१,४१८,०७३) | ८८,१६५,३२४ |
| **वासलातमा सारेको संचित नाफा/(नोक्सान)** | (७१,४१८,०७३) | ८८,१६५,३२४ | २७४,७०९,४९६ |

## प्रक्षेपित नगद प्रवाहको विवरण

| **विवरण** | **आ.व** | **आ.व** | **आ.व.** |
|---|---|---|---|
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| आयकर पछिको नाफा | **३१,६४५,९१६** | **१५९,५८३,३९६** | **१८६,५४४,१७३** |
| जोड्ने : ह्रासकट्टी | ८८,७४६,४६० | ८८,३९१,१४८ | ८८,१०९,५०४ |
| ऋण बापतको व्याज आम्दानी | | – | – |
| न्युन स्थिर सम्पत्तिको निसर्गबाट भएको नाफा | | – | – |
| **कार्यशिल पूंजी परिवर्तन अधिको संचालन नगद प्रवाह** | **१२०,३९२,३७६** | **२४७,९७४,५४४** | **२७४,६५३,६७६** |
| चालु सम्पत्तिमा भएका कमी/(बृद्धि) | ६१,५२७,४१४ | (९,५८८,२१२) | (१,१०६,२०३) |
| चालु दायित्वमा भएको (कमी)/बृद्धि | (१४९,५४६,५२६) | (१३,८५१,७५३) | (१३,८४८,६१५) |
| **चालु पूँजीमा भएको नगद प्रवाह** | | | |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (कं)** | **३२,३७३,२६४** | **२२४,५३४,५७८** | **२५९,६९८,८५८** |

| | | | |
|---|---|---|---|
| **लगानी गतिविधिको नगद प्रवाह** | | - | - |
| पुँजीगत सम्पतिमा भएको कमी/ (बृद्धि) | | - | - |
| स्थिर सम्पत्तीको (खरिद) | (७१,६१५,५१६) | - | - |
| लगानीको बिक्री | | | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (खं)** | **(७१,६१५,५१६)** | - | - |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | - | - |
| शेयर पूंजीमा भएको वृद्धि | १९२,५००,००० | - | - |
| दीर्घकालिन ऋणमा भएको कमी/ (बृद्धि) | (१३७,५००,०००) | (११४,७९२,०००) | (१४७,२०८,०००) |
| असुरक्षित दीर्घकालिन ऋण भएको कमी/ (बृद्धि) | | - | |
| दिर्घकालिन ऋणको व्याज भुक्तानी | | - | - |
| लाभाँस वितरण | | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **५५,०००,०००** | **(११४,७९२,०००)** | **(१४७,२०८,०००)** |
| **नगदमा भएको कुल बृद्धि/(कमि) (क+ख+ग)** | १५,७५७,७४८ | १०९,७४२,५७८ | ११२,४९०,८५८ |
| अघिल्लो वर्षको नगद तथा बैंक मौज्दात | **१,१७०,२५९** | **१६,९२८,००७** | **१२६,६७०,५८५** |
| आर्थिक बर्षको अन्तमा रहेको नगद मौज्दात | **१६,९२८,००७** | **१२६,६७०,५८५** | **२३९,१६१,४४४** |

कम्पनीको वित्तीय प्रक्षेपण कम्पनी आफैंले गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा कम्पनीको वार्षिक साधारण सभाबाट नियुक्त लेखा परिक्षक श्री टिपी अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ठाकुर प्रसाद अधिकारी रहनु भएको छ ।

**प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

| सि.नं | विवरण | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| १ | आम्दानी बृद्धि प्रतिशत | ४१.५९% | ३२.०८% | २.८०% |
| २ | सञ्चालन खर्च प्रतिशत | ११.५७% | १०.३३% | ८.१७% |
| ३ | कर्जामा औषत व्याज प्रतिशत | १२.०० | १२.०० | १२.०० |
| ४ | खुद नाफा बृद्धि प्रतिशत | १५५.२३% | ४०४.२८% | १६.८९% |
| ५ | इक्विटिमा प्रतिफल (ROE) | ३.५५% | १५.१९% | १५.०८% |
| ६ | अन्य सञ्चालन खर्च बृद्धि प्रतिशत (ब्याज तथा ह्रासकट्टि) | २.६२% | -५.९०% | -५.८१% |
| ७ | कुल खर्च बृद्धि प्रतिशत (ब्याज तथा ह्रासकट्टि बाहेक) | २६.४८% | ४.४०% | ४.०९% |

१) बिद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा विद्युत केन्द्रबाट विद्युत खरिद विक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ।

२) विद्युतको ब्यापारिक उत्पादन मिति २०७३/०८/१२ गते देखि भएको आधार लिइएको छ ।

३) आयकर १० बर्ष सम्म पुरै छुट तथा त्यसपछि अर्को ५ बर्षसम्म ५० प्रतिशत छुट भएकोले सोही बमोजिम उल्लेख गरिएको छ ।

४) प्रक्षेपित गरिएको आ.व.मा नेपाल सरकारलाई तिरिने रोयल्टी खर्चमा स्थिर रु.१५,००,०००/- सहित प्रति बर्ष कुल विक्रि आम्दानीको २% थप गणना गरिएको छ ।

५) बोनस, अपलेखन खर्च तथा रोयल्टी बाहेक प्रशासनिक खर्च प्रति बर्ष वार्षिक ५% ले बृद्धि हुने गरी गणना गरिएको छ ।

६) कम्पनीले आगामी ५ वर्ष सम्मको लागि थप कर्जा नलिने योजना रहेको छ ।

७) व्याज खर्च १२ % गणना गरिएको छ ।

८) कर अघिको नाफामा वोनस वापत २% गणना गरिएको ।

९)मेशीनरी उपकरणको मर्मत सम्भारको लागि सम्पत्तिको कुल मुल्यको ०.०५% ले आर्थिक बर्ष २०८०-८१ सम्म गणना गरिएको छ । त्यस पछिका बर्षहरुमा ०.२% को आधारमा गणना गरिनेछ ।

१०) परियोजनाको विमा शुल्कमा बार्षिक ५% ले बृद्धि हुने गरी गणना गरिएको छ ।

**(ख)वित्तीय अनुपात सम्बन्धी विवरण:**

क) संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| आय वर्ष | २०७२/ ०७३ | २०७३/ ०७४ | २०७४/ ०७५ | २०७५/ ०७६ | २०७६/ ०७७ | २०७७/ ०७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संचित नाफा/नोक्सान | (१०२,१९१,७३२.३७) | (४५,७६७,८९३.३१) | (१०३,०६३,९८८.२७) | (७१,४१८,०७३) | ८८,१६५,३२४ | २७४,७०९,४९६ |
| प्रति शेयर आम्दानी | (४.१२) | (६.४६) | (७.४४) | ३.२९ | १६.५८ | १९.३८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८३.२६ | ९३.४४ | ८६.६२ | ९२.५८ | १०९.१६ | १२८.५४ |

ख) विगत तथा आगामि ३ वर्षको नेटवर्थमा भएको/हुने औषत प्रतिफल:

| विवरण | वास्तविक रु.हजारमा | | | प्रक्षेपित रु.हजारमा | | |
|---|---|---|---|---|---|---|
| | २०७२/ ०७३ | २०७३/ ०७४ | २०७४/ ०७५ | २०७५/ ०७६ | २०७६/ ०७७ | २०७७/ ०७८ |
| साधारण पुँजी | ६,१०,५१२.८ | ६,९८,१५९.५ | ७,७०,००० | ९६२,५०० | ९,६२,५०० | ९,६२,५०० |
| अग्राधिकार शेयर | - | - | - | - | - | - |
| संचित नाफा नोक्सान | (१०२,१९१.७३२३७) | (४५,७६७.८९३३१) | (१०३,०६३.९८८२७) | (७१,४१८.०७३) | ८८,१६५.३२४ | २७४,७०९.४९६ |
| **न्युनः** | | | | | | |
| अपलेखन हुन बांकी | - | - | - | - | - | - |
| **खुद सम्पति (नेट वर्थ)** | ५०८,३२१.०६७६३ | ६५२,३९१.६०६६९ | ६६६,९३६.०११७३ | ८९१,०८१.९२७ | १,०५०,६६५.३२४ | १,२३७,२०९.४९६ |
| शेयर संख्या (हजारमा) | ६,१०५.१२८ | ६,९८१.५९५ | ७,७०० | ९,६२५ | ९,६२५ | ९,६२५ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | ८३.२६ | ९३.४४ | ८६.६२ | ९२.५८ | १०९.१६ | १२८.५४ |
| **नेटवर्थमा औषत प्रतिफल** | -४.९५% | -६.९१% | -८.५९% | ३.५५% | १५.१९% | १५.०८% |
| प्रति शेयर आम्दानी | (४.१२) | (६.४६) | (७.४४) | ३.२९ | १६.५८ | १९.३८ |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री टिपि अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ठाकुर प्रसाद अधिकारी रहनु भएको छ ।

**१० धितोपत्र निष्काशन सम्वन्धि बिवरण :**

**(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार स्थानियवासी तथा सर्वसाधारणहरुको लागि रु.१९,२५,००,०००/- रकम बरावर प्रति शेयर अंकित मूल्य रु.१००/- को १९,२५,००० कित्ता साधारण शेयर स्थानियवासी तथा सर्वसाधारणहरुको निमित्त छुट्याइएको छ । यसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स. (हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाँउपालिका) क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसार जारी पुँजीको १०% अर्थात ९,६२,५०० कित्ता तथा सर्बसाधारणलाई १०% अर्थात ९,६२,५०० कित्ता शेयर छुट्याई निष्काशन तथा बिक्री गरी स्थानिय बासिन्दा लगायत सर्वसाधारणलाई लगानीको अवसर प्रदान गर्नुका साथै कम्पनीको कर्जा भुक्तानीको उद्देश्य रहेको छ ।

**(ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण : निश्काशित रकम कम्पनीको दायित्व भुक्तानी गर्न प्रयोग गरिनेछ । उद्योग प्रभावित क्षेत्र तथा स्थानियवासीलाई निष्काशन गरि प्राप्त भएको रकम निम्न अनुसार कर्जा तथा दायित्व भुक्तानीमा प्रयोग गरिनेछ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | दिर्घकालिन कर्जा भुक्तानी | १३,७५,००,०००/– |
| २ | अल्पकालिन कर्जा भुक्तानी | ५,००,००,०००/– |
| ३ | शेयर निष्काशन खर्च तथा दायित्व भुक्तानी | ५०,००,०००/– |
| | **जम्मा** | **१९,२५,००,०००/–** |

**(ख) शेयर निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा शेयर निष्काशनको उद्देश्य प्राप्ती गर्नका लागि अपनाइने बैकल्पिक व्यवस्था :** अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भइसकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बांकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** यस कम्पनीबाट तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स. (हाल फिदिम नगरपालिका, हिलिहाङ्ग र फालेलुङ्ग गाँउपालिका) विच भएर वहने हेवा खोलामा आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७३/१०/२२ गते वाट संचालनमा रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने** : आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७३/०८/१२ गते वाट संचालनमा रहेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य मूख्य बूंदाहरु :** Asia Pacific Power Tech Company Ltd, China संग करिब रु.३५ करोड असी लाख ( डलर ३५,८०,०००) मा इलेक्ट्रो मेकानिकल मेसिन खरिद गरिएको छ र उक्त उपकरणहरुको भुक्तानी गर्नुपर्ने रकम मध्य १५ प्रतिशत रकम विद्युत उत्पादनको शुरु मितिको पाँच वर्षसम्म प्रतिवर्ष ३ प्रतिशतको दरले भुक्तानी गर्दै जाने गरि दायित्वको व्यवस्था रहेको र हाल उक्त कम्पनीसंग अन्य सम्झौता रहेको छैन र विद्युत गृहमा उपकरण जडान भईसकेको र सो वापतको भुक्तानी गर्न मात्र बाँकी रहेको ।

(**च**) कुनै पार्टीसंग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(**छ**) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता नेपालका देशबाशीहरु रहेका छन्, साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र कम्पनीबाट निर्माण सम्पन्न भई संचालनमा रहेको जलविद्युत आयोजनाको बिद्युत उत्पादन क्षमता १४.९ मे.वा. रहेको छ ।

(**ज**) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.हरु बीच भएर बहने हेवा खोलाको पानी ।

(**झ**) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.हरु बीच भएर बहने हेवा खोलाको पानी ।

(**ञ**) स्थानियवासी तथा सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

| | | |
|---|---|---|
| अ) निष्काशन तथा विक्री प्रबन्धकलाई दिइने शुल्क | : | रु.६,४०,०००।– |
| आ) ट्रष्टि (डिबेन्चर निष्काशनको हकमा) | : | निष्काशन गरिने डिबेन्चर नभई साधारण शेयर भएकोले ट्रष्टि राख्नु नपर्ने । |
| इ) प्रत्याभुतिकर्ता शुल्क | : | ३,८५,००० । |
| ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | : | छैन । |
| उ) लेखापरिक्षकको शुल्क | : | अनुमानित आर्थिक विवरण प्रमाणित गरे बापत शुल्क रु.७५,०००/– (कर बाहेक) |
| ऊ) दरखास्त तथा रकम संकलन गरेवापत तिर्नु पर्ने सेवा शुल्क | : | शेयर निष्काशन तथा बिक्रि गर्दा प्राप्त हुने दरखास्त संख्या, संकलित रकम तथा शेयर बाँडफाँटको आधारमा संझौता बमोजिम हुने रकम। |

**(ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यवस्था गर्न लागिएको छ भने तत्सम्वन्धी विवरण :** छैन ।

**(घ) प्रिमियममा धितोपत्र जारी गर्नु पर्ने भएमा (कारण र औचित्य):** नभएको ।

**(ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

**१.अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा वढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्वन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्वन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको सम्पूर्ण साधारण शेयर बिक्री नभई बाँकी रहेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुमा थप गरि निष्काशन गरिनेछ । साथै सर्वसाधारणमा विक्रि गरिने शेयर पुर्ण रुपमा विक्रि नभएमा उक्त शेयर प्रत्याभुतिकर्ताले सकार गर्नेछ ।

**२.अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

**आयोजना प्रभावित जिल्ला बासीको हकमा**
शेयर विक्री बन्द भए पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ मा भएको ब्यबस्था अनुसार शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र (Allotment Letter) मार्फत रकम फिर्ता भुक्तानी दिइनेछ वा आवेदकले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ ।
**सर्बसाधारण शेयरधनीहरुको हकमा**

सर्वसाधारणको हकमा शेयर विक्रि बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरी पुर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको ब्यहोरा उल्लेख गरी धितोपत्र खरीद(सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका,२०७३ को अनुसुचि ७ बमोजिमको विवरण सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरुलाई उपलब्ध गराईने छ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैक खाता फुकुवा गरी फिर्ता हुनेछ ।

**३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :**

**आयोजना प्रभावित स्थानिय बासीको हकमा**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २९ को (३) मा भएको ब्यबस्था अनुसार उपदफा (२)बमोजिम तोकिएको समयावधि भित्र बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा**

यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) ले गरेको ब्यबस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो ब्यबस्था लागु नहुने ।

**४) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्काशन गरिने शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धि ब्यवस्था अनुसार साधारण शेयरहरुको निर्धारित समयभित्र बाँडफाँट गरि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) वमोजिम आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँट भएको शेयर जम्मा/वितरण गरिने ब्यवस्था मिलाइनेछ ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** नभएको ।

**च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धी विवरण :**

निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु तथा सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने साधारण शेयर सूचिकरण गराई शेयर खरिद/विक्रीको व्यवस्था मिलाइने छ ।

**(च) प्रत्याभूती सम्बन्धी विवरणः**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

क. प्रत्याभुति गर्ने संगठित संस्थाको नाम : श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल ।

ख. ठेगानाः नारायणचौर, नक्साल ।

ग. यस विवरण-पत्रद्वारा निष्कासन तथा बिक्री गरिने साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि सुरक्षित गरी जारी गरिएको र उक्त शेयर बिक्री नभएमा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयरमा थप गरी बिक्री गर्नुपर्ने र सो गर्दा समेत शेयर विक्री नभएमा का.जि. का.म.न.पा. वडा नं. १ स्थित मर्चेन्ट वैकरको रुपमा दर्ता भएको श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड वाट ९,६२,५०० थान वरावरको रु ९,६२,५०,०००।- को शेयर प्रत्याभुती गरीएको छ र आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई छुट्याईएको शेयरहरु पूर्णरुपमा विक्रि नभई बाँकी रहन गएमा सो समेत संलग्न गरि प्रत्याभुतिकर्ताले थप रकमको समेत प्रत्याभुति सेवा प्रदान गर्नेछ ।

**ख) धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. सर्वसाधारणलाई जारि गरिने शेयर ९,६२,५०० कित्ता शेयरको लागी श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडसंग प्रत्याभुति सेवाको लागी सम्झौता भएको छ ।

२. प्रत्याभुतिकर्तालाई प्रत्याभुति सेवा प्रदान गरे वापत कम्पनीले रु. ३,८५,०००/- भुक्तानी गर्नेछ ।

३. प्रत्याभुतिकर्ताले सम्झौता अनुसार कबुल गरेको शेयर कित्तासम्मको दायित्व वहन गर्नेछ ।

४. सर्वसाधारणमा शेयर विक्रि गर्दा सम्पूर्ण शेयरका लागी आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वतः पुरा हुनेछ ।

**(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) कम्पनीको नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण**

कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिने स्थान :

- ✓ कम्पनीको रजिष्टर्ड कार्यालय, बागमति अञ्चल, ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा न १५, हात्तिबन, ललितपुर ।
- ✓ शेयर निष्काशन तथा बिक्री प्रवन्धक – सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।

**लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

- ✓ शेयर खरीदको लागि दरखास्त दिंदा कम्तिमा १० कित्ता र बढीमा ९,६२० (नौ हजार छ सय विस) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिने छ । १० कित्ता भन्दा बढि शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :**

**स्थानियवासीको लागी**

आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.(हाल फिदिम नगरपालिका तथा हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का बासिन्दाहरुले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फाराम बुझाउनु पर्नेछ ।

ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा स्थानिय निकायबाट जारी भएको प्रमाणपत्र अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्ने छ ।

ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गरेको हुनुपर्ने छ ।

घ) विवाह भई आएका महिलाका हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्ने छ ।

ङ) वसाई सराई गरी आएको हकमा विद्युत केन्द्रबाट व्यापारिक उत्पादन भएको मिति २०७३/०८/१२ गते भन्दा अगावै बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ ।

च) माथि उल्लेखित हुन छुटेका आयोजना प्रभावित क्षेत्र पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.( हाल फिदिम नगरपालिका तथा हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का स्थानियवासी वा वितरण प्रकृयामा विवाद आएमा सम्बन्धित नगर वा गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

छ) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

ज) धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संलकन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनुपर्नेछ ।

झ) आवेदन फाराम बुझ्दा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्ने छ ।

ञ) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।

ट) उद्योग प्रभावित क्षेत्रका वासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

(ठ) रु. १० लाख सम्म आवेदन दिने आवेदकले स्वेक्षिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ ।

(ड) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको ( क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ ।

(ण) रकम फिर्ता दिँदा सम्पूर्ण दरखास्तवालाहरुलाई दरखास्त फाराममा उल्लेख गरिएको निजको बैंक खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

(त) आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई विक्रि वितरण गरेको शेयर सर्वसाधारणको लागी निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन । साथै सर्वसाधारणका लागी सार्वजनिक निष्काशन गरिने शेयरका लागी पूनः आवेदन दिन पाइने छैन ।

(थ) हालको विद्यमान नियम अनुसार भौतिक रुपमा शेयर प्रमाणपत्र वितरण नभई सोझै हितग्राही खातामा जम्मा गरिने हुँदा स्थानियवासी आवेदकले आवेदन फारममा अनिवार्य रुपमा हितग्राही नम्वर उल्लेख गर्नुपर्नेछ ।

**सर्वसाधारणको लागी**

(क) सर्बसाधारण लगानिकर्ताहरुको हकमा सिआस्वा मार्फत मात्र आवेदन दिन सकिने भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा सिडिएससीले हाल प्रयोगमा ल्याएको मेरो शेयर मार्फत शेयर खरिदको लागी आवेदन गर्न सकिनेछ।

## ११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : नभएको ।

ख) आधारभूत शेयरधनी : नभएको ।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको ।

## १२ विदेशी लगानी र ब्यवस्थापन सम्बन्धी विवरण :

क) विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी ब्यवस्थापन नरहेको ।

## १३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : नभएको ।

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या : नभएको ।

## १४पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हालसम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

## १५)परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना** : आ.ब. २०७४/०७५ को लेखापरिक्षण टि.पि अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ठाकुर प्रसाद अधिकारीले गर्नु भएको छ ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री टिपि अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ठाकुर प्रसाद अधिकारीले प्रमाणित गर्नु भएको छ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

**यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर निष्काशनका लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the issue) को रुपमा देहायका बैंकलाई नियुक्त गरिएको छ ।**

| सि.नं. | नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १ | सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौ । | ००१०००१०६५७०७ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मूख्य मूख्य बूंदा तथा शर्तहरु : सो नभएको ।

**१६ परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन,तत्सम्बन्धी विवरण :**

संस्थापक शेयरधनीहरुको स्वपूँजी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजना सम्पन्न गरिएको र हाल नियमित आयबाट नैं कम्पनी र आयोजनाका कामहरु संचालन भै रहेको साथै ऋण भुक्तानी अवधि आयोजनाको ब्यापारिक उत्पादन मिति देखि ११ वर्ष रहेको छ । कम्पनीले आर्थिक वर्ष २०७४/०७५ सम्म ६ किस्ता भुक्तानी गरिसकेको छ र बैंकको वार्षिक ब्याजदर १२.३६ प्रतिशत रहेको छ ।

| बैंकको नाम | जम्मा बैंक कर्जा रकम | भुक्तानी भएको किस्ता रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|
| सानिमा बैंक लिमिटेड | २९६,५००,००० | २,३१८,३१२ | २९४,१८१,६८८ |
| नेपाल बैंक लिमिटेड | २३२,१००,००० | १,८०७,८९० | २३०,२९२,११० |
| नेपाल इनभेष्टमेण्ट बैंक लिमिटेड | ३११,१००,००० | १,५२७,६९६ | ३०९,५७२,३०४ |
| एन.सि.सि. बैंक लिमिटेड | २००,०००,००० | १,५१३,५८० | १९८,४८६,४२० |
| ग्लोबल आईएमई बैंक लिमिटेड | १७४,०००,००० | १,३५५,२३० | १७२,६४४,७७० |
| नेपाल बंगलादेश बैंक लिमिटेड | १७४,०००,००० | १,३५५,२३० | १७२,६४४,७७० |
| सिभिल बैंक लिमिटेड | १३३,३००,००० | १,०३०,०९० | १३२,२६९,९१० |
| माच्छापुछ्रे बैंक लिमिटेड | १००,०००,००० | ७५६,७९० | ९९,२४३,२१० |
| देवः विकास बैंक लिमिटेड | ११९,०००,००० | ९३०,९९२ | ११८,०६९,००८ |
| नेपाल एसबिआई बैंक लिमिटेड | ५८,०००,००० | ४५१,७४३ | ५७,५४८,२५७ |
| **जम्मा** | **१,७९८,०००,०००** | **१३,०४७,५५५** | **१,७८४,९५२,४४५** |

**१७) मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : नभएको ।

**ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : नभएको ।

**ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने** :

विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

**घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** :सो नभएको ।

**१८)गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनैपनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सानिमा क्यापिटल लिमिटेडका नियम पालना अधिकृत रश्मी रिजाललाई निजकै कार्यकक्षमा वा कार्यालय समयभित्र ०१-४४२८९५६ (एक्स. ११२) मा सम्पर्क गर्न सकिनेछ । साथै लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४४२८९५६/५७ फ्याक्स नं. ४४२८९५८ र इमेल E-mail: sanimacapital@sanimabank.com.

१९ **नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

२० **ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

२१ **अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

२२ **अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सोको विवरण** : प्रक्षेपित वित्तिय विवरणको धारण र आधारहरु कम्पनीको ब्यवस्थापनले तयार पारेको र उक्त आधारहरुमा आफ्नो दायित्व नभएको भनी प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने लेखा परिक्षकको राय रहेको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :–**
**सञ्चालकमा भएको परिवर्तनः सो नभएको ।**
**लेखापरीक्षकमा भएको परिवर्तनः-सो नभएको ।**

कम्पनीको आर्थिक बर्ष २०७४/०७५ को लेखापरीक्षकमा श्री टि.पि अधिकारी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ठाकुरप्रसाद अधिकारी नियुक्त हुनु भएको छ ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

**नामः** सुन्दर मणि सुबेदी

**ठेगाना** : फिदिम न.पा ४, पाँचथर ।

**योग्यता** : स्नातकोत्तर ।

**अनुभव :** हाइड्रोपावर क्षेत्रमा १२ बर्ष भन्दा बढि लेखा तथा प्रशासनमा कार्य गरेको ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७५/०२/२५ मा बसेको कम्पनीको विशेष वार्षिक साधारण सभाको निर्णय अनुसार कम्पनीको मिति २०७५/०२/२९ मा सम्पन्न सञ्चालक समितिको बैठकले आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्ट्याइएको जारी पुँजीबाट १० प्रतिशत का दरले हुन आउने रु. १०० अंकित दरका ९,६२,५०० कित्ता प्रभावित क्षेत्रहरु पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्नाम र नांगीन गा.वि.स.(हाल फिदिम नगरपालिका तथा हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का आयोजनाको संरचना परेका स्थानिय बासिन्दाहरुलाई वितरण गर्ने निर्णय गरिएको छ र बाँकी रहेको ९,६२,५०० कित्ता शेयर सर्बसाधारण (कर्मचारी तथा सामुहिक लगानीकोषलाई) लाई जारी गर्ने निर्णय गरिएको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

कम्पनीको रजिष्टर्ड कार्यालय, बागमति अञ्चल, ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा न १५, हात्तिबन, ललितपुर, शेयर निष्काशन तथा बिक्री प्रवन्धक श्री सानिमा क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौ बाट प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१)

- यस विवरणपत्र अनुसार निष्काशन गरिने १९,२५,००० थान शेयर मध्ये आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पाँचथर जिल्लाको तत्कालिन भारपा, याङ्गनाम र नांगीन गा.वि.स.(हाल फिदिम नगरपालिका तथा हिलिहाङ्ग र फालेलुङ्ग गाउँपालिका) का स्थानियवासीको लागी ९,६२,५०० कित्ता शेयर निष्काशन गरिएको छ ।
- यस विवरणपत्र अनुसार निष्काशन गरिने १९,२५,००० थान शेयर मध्य स्थानियवासीलाई छुट्टाइएको शेयरबाट बाँकी रहेको जम्मा ९,६२,५०० कित्ता शेयर सर्बसाधारणमा (कर्मचारीहरुलाई १९,२५० र सामुहिक लगानीकोषको लागी ४८,१२५ कित्ता सुरक्षित गरिएको समेत) जारी हुनेछ ।
- कर्मचारीको लागी छुट्टाइएको शेयर मध्य कर्मचारीबाट बढी माग भै आएको हकमा सञ्चालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँट गर्नेछ । कर्मचारीको लागी छुट्टाइएको शेयरका लागी माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा निष्काशन तथा बाँडफाँट गरिनेछ ।

(२) यस विवरण-पत्र बमोजिम स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरिएको शेयर सबै बिक्री हुन नसकि बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्रमार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पाँचथर जिल्लामा कम्तिमा चार सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरण–पत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ भने सर्वसाधारणमा जारी हुने शेयर सिआस्वा सदस्य मार्फत वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तयार पारेको मेरो शेयर अनलाइन सफ्टवेयर मार्फत समेत आवेदन गर्न सकिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री सानिमा क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री मनिष नारायण जोशीले तयार पार्नुभएको हो । निजको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

| नाम | पद | उमेर (वर्ष) | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|
| श्री मनिष नारायण जोशी | प्रमुख कार्यकारी अधिकृत | ३८ | एम.बि.ए | - सानिमा क्यापिटल लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा विगत २८ महिना देखी कार्यरत रहेको ।<br>- नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा प्रमुख कर्पोरेट फाइनान्स तथा रिसर्चको रुपमा लगानी व्यवस्थापन तथा रिसर्च क्षेत्रको करिब ५वर्षभन्दा बढीको कार्यानुभव<br>- Infinity Multipurpose प्रा.लि.मा परामर्शदाताको रुपमा २ वर्षको कार्यानुभव<br>- सनराईज बैंक लि. मा कर्जा अधिकृतको रुपमा २ वर्षको बैंकिंग अनुभव |

| | | | | |
|---|---|---|---|---|
| | | | | - Prescio Consulting LLC, USA मा वित्त विश्लेषकको रुपमा २ वर्षको कार्यानुभव |

**(ठ) सकारात्मक पक्षहरू :**

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- हेवा खोला ए साना जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरण–पत्रद्वारा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागी निष्काशन गरिएको साधारण शेयरको आवेदन दिने अवधि बिक्रि खुल्ला भएको मितिले न्यूनतम १५ दिन तथा अधिकतम ३० दिनको हुनेछ भने स्थानियवासीको लागी निष्काशन गरि विक्रि बन्द भई शेयर बाँडफाँट भए पश्चात सूचना प्रकाशन गरि सर्वसाधारणको लागी आवेदन लिने कार्य कम्तिमा चार कार्य दिनका लागी खुल्ला गरिनेछ सो अवधिभित्र निष्काशन गरिएको सम्पुर्ण धितोपत्र विक्रि नभएमा दरखास्त खुल्ला भएको मितिले बढिमा ३० दिनका लागी धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**(ण) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९ वमोजिमका विवरणहरु :**

(१) **कम्पनीले आफ्नो उद्देश्य अनुसारको कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको :** मिति २०६९/०६/१४ देखि आयोजना निर्माण कार्य शुरु गरि सम्पन्न भए पश्चात मिति २०७३/१०/२२ गते देखि उत्पादन शुरु भएको छ ।

(२) **नियमानुसार लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको मितिः**
आर्थिक वर्ष २०७४/२०७५ सम्मको लेखापरीक्षण समाप्त भई सकेको छ । कम्पनीको आर्थिक बर्ष २०७४/२०७५ को विशेष साधारण सभा मिति २०७५/०२/२५ गते सम्पन्न भएको छ ।

(३) **प्रचलित कानून बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको :** मिति २०६९/०८/२९ गतेको निर्णय बमोजिम विद्युत विकास विभागबाट विद्युत उत्पादन अनुमति पत्र प्राप्त ।

(४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** मिति २०७३/०२/१४ गते देखि आवाशिय भवन निर्माण कार्य शुरु गरि मिति २०७३/०९/२९ गते निर्माण सम्पन्न ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा खरीद प्रकृया अगाडि बढाइसकेको:** यान्त्रिक उपकरण जडान गरि मिति २०७३/१०/२२ गते देखि ब्यावसायिक उत्पादन शुरु गरिसकेको छ ।

(६) **धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा विक्रि प्रवन्धकसंगको सम्झौताः** धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा विक्रि प्रवन्धक संग मिति २०७४/०७/०१ गते द्धिपक्षिय सम्झौता सम्पन्न भएको छ ।

(७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत रहेको छ ।

(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु. ७७,००,००,०००/– शत प्रतिशत चुक्ता भैसकेको छ ।

(९) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर मिति २०६९ भाद्र १५ गते वित्तिय व्यवस्थापन सम्बन्धि संझौता सम्पन्न भएको । विद्युतिय यान्त्रिक उपकरणहरु जडान भई विद्युत उत्पादन गरि विक्री वितरण भईरहेको ।

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणका लागि टेण्डर आव्हान गरिएको:** मिति २०६८ साल भाद्र ३० गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री संझौता सम्पन्न भई सोहि अनुसार निमार्ण कार्य सम्पन्न गरी मिति २०७३/१०/२२ गते देखि विद्युत उत्पादन गरि विक्री वितरण भइरहेको छ ।

**(११) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए वमोजिम प्रत्याभुति गराएको :** सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिए वमोजिम श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडद्धारा १०० प्रतिशत शेयरको प्रत्याभुति गरिएको छ ।

**(१२) क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस सार्वजनिक निष्काशन (स्थानियवासी तथा सर्वसाधारणलाई जारी गरिने) लाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०७५/०३/२० गते औसत भन्दा तल आधारहरु (Below-average fundamentals) जनाउने (CARE-NP IPO Grade 4) ग्रेड प्रदान गरेको छ । यसको अवधि एक वर्षको रहेको छ ।

**२३ संचालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री उमेश श्रेष्ठ (प्रतिनिधि यू.वि.इनभेष्टमेण्ट प्रा.लि.) | अध्यक्ष | |
| २. | श्री पुष्प ज्योती ढुङ्गाना (प्रतिनिधि एक्सेसइनभेष्टमेण्ट प्रा.लि.) | प्रवन्ध संचालक | |
| ३. | श्री रघुनाथ पुरी (प्रतिनिधि मेगा भेन्चर प्रा.लि. ) | संचालक | |
| ४. | श्री बसन्त कुमार नेम्वाङ्ग | संचालक | |
| ५. | श्री राजेश कुमार श्रेष्ठ (प्रतिनिधि यू.वि.इनभेष्टमेण्ट प्रा.लि.) | संचालक | |
| ६. | श्री लाल प्रसाद सावाँ लिम्वु (प्रतिनिधि मेगा भेन्चर प्रा.लि.) | संचालक | |

**२४ निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :** संलग्न गरिएको ।

**२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।